१	पोखरेली जेठोबुढो धान	९०	९५	५ % बृद्वी गरिएको
२	मकै	५५	५५	पहिलेकै मूल्य यथावत
३	गहु	६०	६०	पहिलेकै मूल्य यथावत
४	कोदो	९०	९०	पहिलेकै मूल्य यथावत
५	फापर	१३०	१३०	पहिलेकै मूल्य यथावत
६	कागुनो	१२०	१२०	पहिलेकै मूल्य यथावत
७	तोरी	१७५	१८४	५ % बृद्वी गरिएको
८	काठली	२१	२२	५ % बृद्वी गरिएको
९	वन्दा	१५	१६	५ % बृद्वी गरिएको
१०	रायो साग	१४	१५	५ % बृद्वी गरिएको
११	गोलभेडा स्थानिय	३५	३७	५ % बृद्वी गरिएको
१२	सिमि	५२	५५	५ % बृद्वी गरिएको
१३	घिरौला	१९	२०	५ % बृद्वी गरिएको
१४	काँक्रो	२१	२२	५ % बृद्वी गरिएको
१५	करेला	२०	२१	५ % बृद्वी गरिएको

१६	आलु	२६	२७	५ % बृद्वी गरिएको
१७	अदुवा	३४	३६	५ % बृद्वी गरिएको
१८	खुर्सानी	५२	५५	५ % बृद्वी गरिएको
१९	लसुन	१४०	१४७	५ % बृद्वी गरिएको
२०	प्याज	३५	३७	५ % बृद्वी गरिएको
२१	कार्प माछा	३००	३१५	५ % बृद्वी गरिएको
२२	मह	७५०	७८८	५ % बृद्वी गरिएको
२३	च्याउ कन्ये	१५०	१३०	१३.३ % कम गरिएको
२४	खुर्सानी अकबरे		१५०	यो बर्ष तोकिएको
२५	गोब्रे च्याउ		२६०	यो बर्ष तोकिएको
२६	भिण्डी		३२	यो बर्ष तोकिएको
२७	भण्टा		२०	यो बर्ष तोकिएको
२८	ब्रोकाउली		३०	यो बर्ष तोकिएको
२९	मुला		१२	यो बर्ष तोकिएको
३०	गाजर		३०	यो बर्ष तोकिएको
३१	हरियो केराउ		३५	यो बर्ष तोकिएको
३२	हरियो धनिया		३५	यो बर्ष तोकिएको
३३	क्याप्सिकम		६५	यो बर्ष तोकिएको
३४	फर्सि		१५	यो बर्ष तोकिएको
३५	लौका		२०	यो बर्ष तोकिएको

पोखरा महानगरपालिका

खानेपानी गुणस्तर नियमन निर्देशिका, २०८०

प्रस्तावना : नेपालको संविधान को धारा ३५ (४) मा प्रत्येक नागरीकलाई स्वच्छ खानेपानी तथा सरसफाईको हक हुने छ भनी स्वास्थ्य संवन्धी मौलिकहकको रुपमा उल्लेख छ। त्यसैगरी संविधानकै अनुसूचीमा प्रदेश सरकार र स्थानीय सरकारको अधिकार सूचिमा पिउने पानीलाई प्राथमिकताका साथ उल्लेख भएको छ। जनस्वास्थ्य ऐन २०७५ को धारा ३९ मा पानीको सेवनबाट जनस्वास्थ्यमा प्रतिकूल प्रभाव नपर्ने गरी खानेपानी गुणस्तरको न्यूनतम मापदण्ड तोक्नु पर्ने र सोही बमोजिमको मापदण्ड पालन गर्न स्थानिय तहको कर्तव्य हुने छ भन्ने कुरा उल्लेख भएको छ। दिगो विकास लक्ष्यमा उल्लेख भएका सूचक मध्ये ६.१ मा सन् २०३० सम्ममा सबैलाई समान रुपमा शुद्ध र सुलभ पिउने पानीको उपलब्धता हुनुपर्ने व्यहोरा समावेश भएको छ। पोखरा महानगरपालिका अन्तर्गतका क्षेत्रमा संचालित विभिन्न किसिमका खानेपानी प्रणालीहरु, खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको उपस्थिति र खानेपानी आपूर्ति सेवाको स्तर अनुसारको राष्ट्रिय लक्ष्यलाई केन्द्रमाराखी खानेपानीको गुणस्तर नियमन गर्न बाञ्छनीय भएकोले पोखरा महानगरपालिकाले यो निर्देशिका तर्जुमा गरि लागु गरेको छ।

परिच्छेद - १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम " **खानेपानी गुणस्तर नियमन निर्देशिका, २०८०**" रहेको छ।

(२) यो निर्देशिका पोखरा महानगरपालिका नगर कार्यपालिकाले निर्णय गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ।

२.परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) **"महानगरपालिका"** भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्दछ।

(ग) **"कार्यपालिका"** भन्नाले पोखरा महानगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(घ) "शाखा" भन्नाले खानेपानीको गुणस्तर अनुगमन, रेखदेख, सञ्चालन र व्यवस्थापन गर्न महानगरपालिकाले तोकेको शाखा वा महाशाखालाई सम्झनु पर्दछ।

(ङ)**"खानेपानी सुरक्षा योजना"** Water Safety Plan (WSP) भन्नाले खानेपानीको श्रोत देखि उपभोक्ताको मुख सम्मकै विभिन्न चरणमा खानेपानीको गुणस्तर सुधार गर्ने/सुनिश्चित गर्ने कार्यको लागि अपनाइने व्यवस्थित पद्धतिलाई सम्झनु पर्दछ ।

(च) **"नियन्त्रण-उपाय"** (Control Measures) भन्नाले खानेपानीको गुणस्तर खस्कन नपावोस् वा खानेपानी प्रदूषित नहोस् भन्ने उद्देश्यले गरिने कुनै पनि क्रियाकलापलाई सम्झनु पर्दछ । यो शब्दले निर्माण गरिएका भौतिक संरचनाहरू र लागू गरिएका नियम, आदेश वा निषेधाज्ञाहरुलाई समेत बुझ्छ ।

(छ) **"खानेपानी गुणस्तर अनुगमन"** भन्नाले खानेपानी प्रणालीको संचालन, सम्भार तथा मर्मत कार्यको सिलसिलामा, प्रणालीद्वारा वितरित खानेपानीको गुणस्तर राष्ट्रिय मापदण्ड अनुरूप छ कि छैन भनी जाँच गर्नका लागि र समष्टिगत रूपमा प्रणालीले आम जनस्वास्थ्यको सुधारमा पुऱ्याएको योगदान बारे जान्नका लागि खानेपानीको परीक्षण गरी गुणस्तर अनुगमन गर्ने पद्दतिलाई जनाउंछ ।

(ज) **"सुरक्षित खानेपानीयुक्त समुदाय"** -Water Safe Community भन्नाले यस नगरपालिकाको भित्रका समुदायका बासिन्दाले आफ्नै घरआँगनमा जडिएका धारा मार्फत जुनसुकै बेला स्वच्छ र सुरक्षित (विशेष गरी मानव स्वास्थ्यसंग प्रत्यक्ष सम्बन्ध राख्ने धमिलोपना, इ-कोली, आर्सेनिक र फलाम जस्ता पारामिति वा रसायनहरुका सम्बन्धमा राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ अनुसार भएको) खानेपानीको सुविधा प्राप्त गरिरहेका छन् भन्ने तथ्य आधिकारिक निकायबाट प्रमाणित भएमा, सुरक्षित खानेपानीयुक्त समुदाय भन्ने बुझिन्छ ।

(झ)**"सेवा प्रदायक"** भन्नाले आम उपभोक्ता/जनताका लागि सुरक्षित खानेपानी उत्पादन/वितरण (आपूर्ति) मा संलग्न रहने संस्थाहरु जस्तै : महानगरपालिका, नेपाल खानेपानी संस्थान, खानेपानी उपभोक्ता समितिहरु, बोर्ड र प्रशोधित पानी उत्पादक तथा वितरक कम्पनीहरु संझनु पर्दछ ।

(ञ) **"नियमनकारी निकाय"** भन्नाले पोखरा महानगरपालिका, संघिय खानेपानी मन्त्रालय तथा मातहतका कार्यालय र उर्जा जलश्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेश तथा यस मातहतका कार्यालयहरुलाई जनाउँछ । नियमनकारी निकायले मापदण्ड निर्धारण, संशोधन एवं परिमार्जनका लागि सम्बन्धित सरोकारवालाहरुलाई राय/सुझाव/परामर्श समेत उपलब्ध गराउँदछ ।

३. **उद्देश्य** : देहायको उद्देश्य पूर्तिका लागि यो निर्देशिका तयार गरी लागु गरिएको छ :

क) खानेपानी गुणस्तरको अनुगमन कार्यको पद्धति तथा प्रकृया बारे संबन्धित पक्षलाई जानकारी गराउन र सरोकारवाला निकायहरुसंग समन्वय गर्न ।

(ख) खानेपानी गुणस्तर निगरानी र अनुगमनमा प्रभावकारीता ल्याई पानीको प्रदुषणबाट मानव स्वास्थ्यमा पर्ने असर न्यूनिकरण गर्न ।

(ग) खानेपानीको गुणस्तर सुनिश्चित गर्न आवश्यक विधि/साधन/ श्रोतको सुनिश्चितता गर्ने ।

(घ) खानेपानी गुणस्तर अनुगमन कार्यमा महानगरपालिकाको भूमिका प्रष्टयाउन ।

(ङ) सरोकारवाला निकायबाट संचालन हुने खानेपानी योजनाको गुणस्तर अनुगमन कार्यमा एकरुपता ल्याउन र जिम्मेवार बनाउन ।

४. **निर्देशिका प्रयोगकर्ता** : (१) यो निर्देशिकाको प्रयोग देहायका सरोकारवालाहरुले प्रयोग गर्न सक्नेछन् :

(क) खानेपानी तथा सरसफाइ क्षेत्रमा कार्यरत सबैले प्रयोग गर्न सक्नेछन,

(ख) बिशेष गरि खानेपानी आपूर्तिकर्ताहरु (सेवा प्रदायक) र खानेपानी आपूर्ति सेवालाई नियमन गर्ने नियामक निकायहरुमा कार्यरत सम्बन्धित प्राविधिक कर्मचारीहरु ।

(ग) महानगरपालिका

(२) उपदफा (१) बमोजिम निर्देशिकाको प्रयोग काहां र कसरि गरिन्छ भन्ने बिषय अनुसूची १ मा देखाइएको छ ।

परिच्छेद २

अनुगमन कार्यको वर्गिकरण र कार्य

५. **अनुगमन बर्गिकरण** : (१) खानेपानीको अनुगमन कार्य देहायबमोजिम हुनेछ :

(क) Operational Monitoring-(संचालन-अनुगमन) नियन्त्रण-उपायहरुले प्रभावकारी रुपमा काम गरिरहेका छन् भन्ने कुरा सुनिश्चित गर्न र गरेका छैनन् भने पनि समयमै आवश्यक सुधारका पाइला चाल्नका निम्ति संचालन-अनुगमन गरिनेछ ।

(ख) **Compliance Monitoring (परिपालन-अनुगमन)**- सेवा-प्रदायकद्वारा संचालन गरिएका खानेपानी प्रणालीबाट वितरित खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार छ कि छैन भनी सुनिश्चत गर्न परिपालना-अनुगमन गरिनेछ ।

(ग) **Water Quality Surveillance (गुणस्तर निगरानी)**- सेवा प्रदायकद्वारा वितरित पानी जनस्वास्थ्यको दृष्टिकोणले जोखिमरहित, ग्राह्य र सुरक्षित छ या छैन भन्ने विषय हेर्न रुपमा गुणस्तर निगरानी गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन तालिका **अनुसूची - १** मा दिईएको छ ।

६. खानेपानी प्रणालीको बिकास र निगरानी: (१) खानेपानी प्रणालीहरु नभएका स्थानहरुमा खानेपानी सुरक्षा योजना सहितको नयाँ खानेपानी प्रणाली विकासका लागि यस महानगरपलिकाको कार्यक्षेत्र भित्र पर्ने नयाँ आयोजनाहरुको माग वा पहिचान भै आएमा सोको कार्यान्वयन प्रकृया अगाडि बढाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नयां खानेपानी प्रणालीहरुको विकास गर्न स्थानीय स्तरबाट महानगरपलिका समक्ष माग वा पहिचान भएर आउने नयाँ प्रणालीहरुको विकासमा महानगरपलिकाले सहयोग पुऱ्याउने छ ।

(३) महानगरपलिका कार्यक्षेत्र भित्रपर्ने आयोजनाहरुमा खानेपानी सुरक्षा योजनाको लेखाजोखा, जाँच र अनुगमन महानगरपलिका मातहतको खानेपानी तथा ढल शाखा र महानगरपालिकाको सेवा क्षेत्र भित्रका आयोजनाहरुमा खानेपानी सुरक्षा योजनाको निगरानी (सर्भिलेन्स) कार्य महानगरपलिकाको जनस्वास्थ्य शाखाले गर्ने छ ।

(४)महानगरपलिकाका कार्यक्षेत्रमा पर्ने खानेपानी सुरक्षा योजना लागू नभएका प्रणालीहरुमा लागू गर्न महानगरपलिका खानेपानी तथा सरसफाई शाखाले जिम्मेवारी लिने तथा सम्वन्धित वडा कार्यालयहरुले सहयोग पुऱ्याउने छन् ।

(५) मौजुदा प्रणालीहरुमा खानेपानी सुरक्षा योजनाको लेखाजोखा गर्दा पानी प्रशोधन (सुद्धीकरण) सुविधाहरु राख्नुपर्ने आवश्यकता औंल्याइएमा ती समस्याहरु हल गर्न संघीय सरकार तथा प्रदेश सरकारसंग संमन्वय गरि तिनीहरुको विकासमा महानगरपलिका तथा वडा कार्यालयहरुले आ-आफ्नो कार्यक्षेत्रमा सहयोग पुऱ्याउने छन् ।

परिच्छेद ३

अनुगमन समिति गठन, काम कर्तब्य अधिकार

७. अनुगमन समिति : (१) पोखरा महानगरपालिका अन्तर्गत रहेका खानेपानी आयोजना, पानी प्रशोधन केन्द्र र टेंकरबाट खानेपानी वितरण प्रणालीको नियमन, अनुगमन, परीक्षण र पृष्ठपोषण गर्नको लागि देहायबमोजिमको खानेपानी गुणस्तर अनुगमन (सर्भिलेन्स) समिति रहने छ : -

(क) महानगरपालिकाको उप प्रमुख - संयोजक

(ख) महानगरपालिकाको स्वास्थ्य महाशाखा प्रमुख - सदश्य

(ग) महानगरपालिकाको वातावरण महाशाखा प्रमुख - सदस्य

(घ) खानेपानी उपभोक्ता समितिहरु मध्येबाट प्रमुखले तोकेको एकजना प्रतिनिधि १ जना - सदस्य

(ङ) महानगरपालिकाको खानेपानी तथा सरसफाइ शाखाको प्रमुख - सदस्य सचिव

(

(२) उपदफा (१) बमोजिमको समितिको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) पोखरा महानगरपालिकाको कार्य क्षेत्रमा रहेका खानेपानी वितरण प्रणालीहरुको (घरेलु तथा निजी श्रोत वाहेक) लगत तयार गर्ने र समय समयमा अद्यावधिक गर्ने ।

(ख) स्थानीय स्वास्थ्य संस्थाहरु संग समन्वय गरी पानीजन्य रोगहरु जस्तै झाडापखाला, हैजा, टाईफाइड, आउँ, भाइरल हेपाटाईटीस "ए" आदिको नियमित निगरानी गर्ने ।

(ग) नेपाल सरकार र प्रदेश सरकार को सहयोगमा, क्षमता अनुसार आफ्नो मतहतमा रहेका साना ठुला सबै प्रणालीहरुमा खानेपानी सुरक्षा योजनाको लेखाजोखा, जाँच अनुगमन र निगरानी (सर्भिलेन्स) का कार्यहरु गर्ने ।

(घ) पानीजन्य रोगहरु वढने मौसममा वा पानीका कारण कुनै ठाउमा झाडापखाला, हैजा, टाईफाइड, आउँ, भाइरल हेपाटाईटीस "ए" जस्ता पानीजन्य रोगको महामारी फैलिएमा खानेपानी वितरण प्रणालीको आकस्मिक Sanitary Inspection गर्ने र आवश्यकता अनुसार पानीको नमूना लिई परीक्षणको व्यवस्था मिलाउने ।

(ङ) सम्बन्धित निकायहरुको समन्व्यमा, खानेपानी सुरक्षा योजना (WSP) लागू भएका आयोजनाहरुको लागत तयार गरी अध्यबधिक गर्ने ।

(च) खानेपानी सुरक्षाबारे समुदायमा सचेतना मूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

(छ) आफ्नो कार्य क्षेत्रभित्रबाट खानेपानी सुरक्षा योजना लागू भएका आयोजनाबाट वितरित खानेपानीको नियमित (६/६ महिनामा) रुपमा सर्भिलेन्स गरी सम्बन्धित निकाय (उपभोक्त समिति) लाई पृष्ठपोषण दिने ।

(ज) खानेपानी सुरक्षा योजना लागु गर्न र सुरक्षा योजना लागु भइसकेका आयोजनाको सुधारको लागि सम्वन्धित आयोजनाका साथै कार्यपालिकालाई नितिगत सुझाव प्रदान गर्ने ।

(झ) महानगरपालिका अन्तर्गत संचालित पानी प्रशोधन केन्द्रहरुको नियमन, अनुगमन, नमूना परीक्षण र पृष्ठपोषण प्रदान गर्ने ।

(ञ) महानगरपालिका क्षेत्रभित्र टेंकरबाट हुने पानी वितरण प्रणालीको नियमन र अनुगमन गर्ने ।

(ट) महानगरपालिका क्षेत्रभित्र अन्तरगत संचालीत खानेपानी तथा सरसफाइ क्षेत्र सम्बन्धित संघसंस्थाहरुसँग समन्वय र सहकार्य गर्ने ।

८. **अनुगमन समितिको बैठक सम्बन्धि कार्यविधि** : (१) अनुगमन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक बस्नु भन्दा २४ घण्टा अगावै सदश्य सचिवले संयोजक संग परामर्शगरी बैठक बोलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको बैठक सम्बन्धि अन्य कार्यविधि समिति आफैंले निर्धारण गरी बमोजिम हुनेछ ।

(३) समितिको बैठक भत्ता महानगरपालिकाको अन्य समितिलाइ उपलब्ध गराए बमोजिम हुनेछ ।

९. **खानेपानी गुणस्तर अनुगमन गर्नु पर्ने** : (१) खानेपानी प्रणालीको संचालन, सम्भार तथा मर्मत कार्यको सिलसिलामा प्रणालीद्वारा वितरित खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुरूप छ कि छैन भनी जाँच्नका लागि र समष्टिगत रूपमा प्रणालीले आम जनस्वास्थ्यको सुधारमा पुऱ्याएको योगदान बारे जान्नका लागि खानेपानीको परीक्षण गरी गुणस्तर अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा खानेपानी आपूर्तिको लागि कुनै पनि व्यवस्थित प्रणाली नभएका स्थानमा रहेका जनताहरू प्रदूषित पानीको जोखिमबाट बच्न सकुन् भन्ने ध्येयले उनिहरुले प्रयोग गर्ने पानिका श्रोतहरु (खोलानाला, असंरक्षित कुवा, कल, इनार आदि) को समेत गुणस्तर अनुगमन कार्य गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम व्यवस्थित प्रणाली नभएको अवस्थामा खानेपानी गुणस्तर अनुगमन कसले, कहिले र कसरी गर्ने भन्ने बिषय **अनुसूची ३** मा दिइएको छ ।

(४) खानेपानी प्रणाली संचालनमा रहेका तर खानेपानी सुरक्षा योजना लागू नभएका स्थानमा भएका संरचनाहरुको भौतिक अवस्था, ती संरचना नजीक रहेका क्षेत्रका सरसफाइको स्थिति, पानीको गुणस्तर आदिको अनुगमन कसले, कहिले र कसरी गर्ने भन्ने बिषय अनुसूची ४ मा दिइएको छ ।

(५) खानेपानी सुरक्षा योजना लागू भई संचालनमा रहेका खानेपानी प्रणाली भएका स्थानमा पानीको गुणस्तरको निरन्तर सुनिश्चितता र पानी आपूर्ति सेवाको दिगोपन बढाउनका लागी खानेपानी सुरक्षा योजनाको कार्यान्वयन हुनेछ । खानेपानी प्रणालीको डिजाइन, निर्माण, र संचालन-सम्भार सबै चरणमा खानेपानी सुरक्षा योजना लागू हुनेछ । प्रचलनमा रहेको खानेपानी सुरक्षा योजनाका प्रमूख चरणहरु अनुसूचि ५ मा दिईएकोछ ।

१०. अभिलेख राख्ने : संचालन-अनुगमनका सिलसिलामा गरिएका सम्पूर्ण क्रियाकलापहरूको अभिलेख तयार पारेर प्रमाणित गराई राख्नु पर्नेछ । पानीको गुणस्तर परीक्षणबाट देखिएका नतीजाहरू, यन्त्र तथा उपकरणका मर्मत आदि कार्यको अभिलेख राख्नु पर्छ । अभिलेखनमा रहेका नतीजाहरू खानेपानी सुरक्षा योजनाको आन्तरिक लेखा-परीक्षण गर्न महत्वपूर्ण आधार हुन । पिए भाइलको प्रयोग र क्लोरिन अवशेषको परीक्षणको अलावा स्वास्थ्य चौकी वा मान्यता प्राप्त प्रयोगशालाबाट नियमित रुपमा पानीको गुणस्तर परीक्षण गर्न सक्छन् । पानी परीक्षणका नतीजाहरू अभिलेख राख्ने फारमको नमुना **अनुसूचि ६** मा दिइएको छ ।

११. सूचना प्रवाह सम्बन्धी व्यबस्था : सेवाप्रदायकले खानेपानी परीक्षणका नतीजाहरूको सारांश र सुझाव सहितको प्रतिवेदन ३/ ३ महिनामा (वर्षमा ४ पटक) सम्बन्धित नियमन संस्थामा पेश गर्नु पर्छ । नियमन संस्थाले परिपालना-अनुगमन गरेपछि एक महिना भित्र सेवा प्रदायकलाई पृष्ठपोषण दिनु पर्छ । हरेक महिनामा परीक्षणका नतीजाहरू FM, TV, Notice Board जस्ता माध्यमद्वारा सार्वजनिक गर्ने र सम्बन्धित सरोकारवालाले माग गरेको खण्डमा समयमै उपलब्ध गर्ने गराउनु पर्नेछ ।

१२. नियमनकारी निकाय, सेवा प्रदायक संस्था तथा अन्य सरोकारवालाहरूका भूमिका तथा जिम्मेवारी :

खानेपानीको गुणस्तर अनुगमन र निगरानी गर्ने कामका लागि सेवा प्रदायक संस्था (उपभोक्ता समिति आदि), नियमनकारी निकाय (महानगरपालिका , प्रदेश सरकार र संघीय सरकारका) र अन्य सरोकारवालाहरू (नीजि र गैरसरकारी संस्था)का भूमिका तथा जिम्मेवारी **अनुसूचि ७** मा दिईएको छ ।

१३. सेवा प्रदायकको जिम्मेवारी : खानेपानी प्रणालीको संचालन-सम्भारको सिलसिलामा खानेपानी सुरक्षा योजना लागू गरी संचालन-अनुगमन कार्यलाई प्रभावकारी बनाउनु सेवा प्रदायकको मुख्य

जिम्मेवारी हुनेछ । सेवा प्रदायकको खानेपानी गुणस्तर अनुगमनका सिलसिलामा आवश्यक क्षमता अभिवृद्धि कार्यमा महानगरपालिकाले समन्वय गर्नेछ ।


१४.संसोधन तथा खारेजी : महानगर कार्यपालिकाले यस निर्देशिकालाई आवश्यकता अनुसार संशोधन वा परिमार्जन गर्न सक्नेछ । यस निर्देशिकामा भएका व्यवस्था प्रचलित कानुनसंग बाझिएमा बाझिएको हदसम्म अमान्य तथा खारेज हुनेछ।

१५. परिशिष्ट : यो निर्देशिकाको कार्यान्वयनमा सहयोग गर्न केहि परिशिष्टहरु अनुसूचि खण्डमा दिईएको छ ।

अनुसूची - १

(दफा (४) को उपदफा (२) संग सम्बन्धित)

निर्देशिकाको प्रयोग सम्बन्धी ढांचा



१.खानेपानी सुरक्षा योजनाकां सम्पुर्ण चरण कार्यान्वयन गर्नका लागि राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन तथा अनुगमन निर्देशिका, २०७९ प्रयोग हुने

२. खानेपानी सुरक्षा योजनाको प्रमाणिकरण गर्ने कार्यको लागि र नियमन निकायद्वारा हुने परिपालन-अनुगमनका लागि खानेपानी गुणस्तर अनुगमन कार्यविधि,२०७८ र राष्ट्रिय खानेपानीगुणस्तर मापदण्ड,२०७९ तथा खानेपानी गुणस्तर मापदण्ड कार्यान्वयन तथा अनुगमन निर्देशिका, २०७९ प्रयोग हुने


३. खानेपानी गुणस्तर निगरानी कार्यकोलागि राष्ट्रिय खानेपानी गुणस्तर सर्भिलेन्स, २०७४ प्रयोग हुने

४.बस्ती/टोललाई सुरक्षित खानेपानीयुक्त समुदाय भनि मान्यता प्राप्त गर्न सुरक्षित खानेपानीयुक्त समुदाय' कार्यविधि, २०७८ प्रयोग हुने

अनुसूची २

(दफा (५) को उपदफा (२) संग सम्बन्धित)

खानेपानी गुणस्तर सुधार अनुगमन खाका



अनुसूची - ३

(दफा -९) को उपदफा (३) संग सम्बन्धित)

अनुगमन तालिका

के गर्ने	कसले गर्ने	कहिले कहिले गर्ने
पानीको स्रोतहरू, जस्तै खोला, इनार, कल, असंरक्षित कुवा आदिको वरिपरिको सरसफाइको अवस्था निरीक्षण गर्ने) (हेर्नुहोस् परिशिष्ट नं.१), सरसफाइको स्थिति कायम राख्ने,राख्न लगाउने ।	महानगरपलिकाको जनस्वास्थ्य शाखा	हरेक ३/३ महीनामा
पानीको स्रोतबाट लिइएको नमूनामा धमिलोपन र पि.ए. भायलद्वारा सूक्ष्म-जैविक प्रदूषण परीक्षण गर्ने ।		हरेक ६/६ महीनामा
घरायसी पानी प्रशोधनका विधिहरूको प्रयोग बारे प्रचार प्रसार गर्ने		जनस्वास्थ्यमा देखिएका [illegible] सम्बन्धी समस्याका [illegible] आवश्यक परेको बेलामा

नोट : व्यवस्थित खानेपानी प्रणाली नभएका वस्तीहरूमा महानगरपालिकाको जनस्वास्थ्य शाखाद्वारा [illegible] गर्नु पर्नेछ ।

अनुसूची ४

(दफा (९) को उपदफा (४) संग सम्बन्धित)

अनुगमन तालिका


के गर्ने	कसले गर्ने	कहिले कहिले गर्ने
प्रमुख संरचनाहरूको जस्तै इन्टेक, कलेक्शन च्याम्बर, पानी टैंकी, भल्भ च्याम्बर, सेडिमेन्टेशन टैंक आदि को भौतिक अवस्था निरीक्षण	उपभोक्ता समिति/सेवा प्रदायक	हरेक महीना
प्रमुख संरचना वरिपरिका क्षेत्रको सरसफाइको स्थिति आँकलन (स्यानिटरी निरीक्षण) (हेर्नुहोस् परिशिष्ट नं.१)		हरेक महीना

धमिलोपन र हाइड्रोजन विभव (pH) मापन	उपभोक्ता समिति/सेवा प्रदायक	हरेक महीना
इ-कोली परीक्षण		हरेक महीना
जीवाणु मार्न क्लोरिन प्रयोग गरिएको छ भने, क्लोरिन अवशेष (FRC) मापन		हरेक दिन
राष्ट्रिय खानेपानी गुणस्तर मापदण्डको परिपालन भए नभएको जाँच्न परिपालन-अनुगमन गर्ने गराउने	महानगरपलिका /प्रदेश/संघीय सरकारका निकायहरू	हरेक ६ महीना

नोट : महानगरपलिकाको खानेपानी तथा सरसफाई शाखा, उपभोक्ता समिति वा सेवा प्रदायकले खानेपानी प्रणालीको संचालन तथा सम्भार कार्यको सिलसिलामा संचालन-अनुगमन र परिपालन-अनुगमन गर्नेछ । प्रणाली संचालनमा आएको पहिलो महिना भित्र एक पटक *खानेपानी गुणस्तर अनुगमनः निर्देशिका* र *राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड,* २०७९ र *कार्यान्वयन निर्देशिका,* २०७९ अनुसार सम्पूर्ण पारामितिहरुको परीक्षण गरी नतीजाको रेकर्ड राख्ने । त्यस पछिका समयहरूमा संचालन-अनुगमन गर्ने । प्रशोधन इकाइ भएका प्रणालीहरूमा खानेपानीको गुणस्तरको संचालन- अनुगमन गर्दा *पानी प्रशोधन प्रणालीहरूको लागि संचालन विधि, २०७४* लाई पनि आधार मान्नु पर्नेछ ।

अनुसूचि ५

(दफा (९) को उपदफा (५) संग सम्बन्धित)



खानेपानी सुरक्षा योजनाका प्रमूख चरणहरु मध्ये अनुगमनको सम्बन्धमा मात्रै यहाँ विस्तृत चर्चा गरिएको छ ।

अनुगमन केको गर्ने ?

खानेपानी प्रणालीद्वारा वितरित पानीको गुणस्तर सधैं पिउन योग्य र स्वच्छ रहोस् भन्नाका लागि प्रणालीका अंगहरू र उपभोक्ताका घरमा पानी प्रदूषण नहोस् वा कम होस् भनी स्थापना गरिएका भौतिक संरचनाहरु गरिएका नियन्त्रण-उपायहरु समेत यस्ता संरचनाले आफ्नो उद्देश्य पूरा गरिरहेका छन् या छैनन्, साथै नियम, आदेश वा निषेधाज्ञाहरुको पालना भईरहेको छ या छैन भन्ने कुरा यकिन गर्न र आवश्यकता अनुसार सुधार कार्यको पहिचान गर्न गरिने क्रियाकलापलाई अनुगमन भनिन्छ । खानेपानी प्रणालीको संचालन संचालनका बेला नियन्त्रण-उपायहरूको अनुगमन गर्ने गरिन्छ । यो कार्यलाई संचालन-अनुगमन भनिन्छ ।

नियन्त्रण-उपायहरूका फेहरिस्त (हरेक खानेपानी प्रणालीमा स्थान र प्रविधि-विशेषका आधारमा आ-आफ्नै नियन्त्रण-उपायहरू हुन सक्छन्) परिशिष्ट नं २ ।

खानेपानी प्रणाली संचालनको सिलसिलामा गुणस्तर सम्बन्धी प्रश्नहरु उठ्न सक्ने अवस्था र तिनलाई सम्बोधन परीक्षण गरिने पारामितिहरू तल तालीकामा दिइएकोछ : (विस्तृत जानकारीका लागि राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड,२०७९)

अवस्था	परीक्षण गर्नु पर्ने पारामितिहरू (Parameters)
सूक्ष्म जैविक प्रदूषणबाट पानी मुक्त छ भन्ने एकीन	इ-कोली, धमिलोपन, हाइड्रोजन विभव (pH) , क्लोरिन अवशेष;यदि chlorination गरिएको छ भने सो को परीक्षण (FRC test) का लागि प्रणलिको अन्तिम धाराको परीक्षण प्रभावकारी हुन्छ ।
सरसफाइ र आवश्यक प्रशोधन, उपचार र शुद्धिकरणका निम्ति नियमित संचालन अनुगमन प्रकृया	इ-कोली, धमिलोपन, हाइड्रोजन विभव, क्लोरिन अवशेष
पानी धमिलो वा रंगीन देखिएमा	धमिलोपन र रंग
पानी उमाल्दा भाँडोको पिंधमा पत्र जम्मा भएमा	कडापन र विद्युतीय संवाहकता(electrical conductivity)
साबुन प्रयोग गर्दा गाज नआउने	कडापन र विद्युतीय संवाहकता (electrical conductivity)

पाइपलाइन भित्र खिया लाग्ने	हाइड्रोजन विभव, क्षारीयपन, शीशा, तामा
लुगा पहेलो हुने, स्यानिटरी उपकरणहरुमा दाग बस्ने	फलाम, म्याँगानीज, तामा
अप्रिय गन्ध र स्वाद	एमोनिया, हाइड्रोजन सल्फाइड, स्रोतको पानीमा लागेको लेउ
स्रोत नजीकै खेतीपाती जहाँ मलखाद तथा कीटनाशक औषधी प्रयोग अत्यधिक हुन्छन् ।	नाइट्रेट, कीटनाशक औषधी, इ-कोली
नूनिलोपन	क्लोराइड, कुल घुलित ठोस पदार्थ, सोडियम

प्रणालीद्वारा उपभोक्तालाई वितरित पानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०७९ अनुसारको छ या छैन भनी निर्क्यौल गर्ने कार्यलाई परिपालना-अनुगमन भनिन्छ । यस्तो अनुगमनका लागि मापदण्डमा उल्लेखित सके सम्म सम्पूर्ण नभए सम्बन्धित प्रणालीमा बारम्बार देखा पर्ने गुणस्तर सम्बन्धी पारामितिहरूको परीक्षण गर्नु पर्छ ।

अनुगमन कसले गर्ने ?

खानेपानी गुणस्तर अनुगमन सेवाप्रदायक संस्थाहरुले गर्नु पर्छ । यिनै संस्थामा कार्यरत प्राविधिक कर्मचारीहरूले आफ्नो प्रणालीमा नियन्त्रण-उपायहरूको अनुगमन गर्ने जिम्मेवारी बहन गर्दछन् ।

अनुगमन कुन कुन बेला गर्ने ?

संचालन अनुगमन नियमित रूपमा गर्नु पर्छ । यसको अलावा प्रणालीका संरचनाहरूमा थपघट भएमा, बाढी, पहिरो, अति वृष्टि, अनावृष्टि, तापक्रममा अत्यधिक बृद्धि जस्ता घटना घटेर संचालन प्रक्रियमा वा विशेष गरी खानेपानीको गुणस्तरमा नकारात्मक असर पर्न गएका बेलामा अनुगमन गर्न पर्छ । सामान्य अवस्थामा परीक्षण गरिने पारामितिहरू र कहिले कहिले गर्ने (आवृत्ति) परिशिष्ट नं.३ मा दिइएकोछ । साना र ग्रामीण खानेपानी प्रणाली, जहाँबाट पानी परीक्षण प्रयोगशाला टाढा छन्, त्यहाँ कम्तीमा वर्षको ४ पटक (मनसुनपूर्व, मनसुनमा २ पटक र मनसुन पश्चात्) इ-कोली परीक्षण गर्नु पर्छ ।

अनुगमन कसरी गर्ने ?

अनुगमन मुख्यतया २ किसिमले गर्नु पर्दछ ।

१. नियन्त्रण-उपायहरूको अवस्था निरीक्षण गरेर (नियन्त्रण- उपायहरू लागू गरिएका छेउछाउका वातावरणका सरसफाइको स्थिति आंकलन गरेर- जसलाई स्यानिटरी सर्वेक्षण/ निरीक्षण पनि भन्ने गरिन्छ)

२. पानीको नमूना परीक्षण गरेर

गुणस्तर परीक्षणका लागि नमूना कहाँ कहाँ लिने ?

पानीको गुणस्तर परीक्षणका लागि नमूना संकलन गरिने स्थानहरू सामान्यतया निम्न लिखित हुन्छन् :

१. मुहानमा, इन्टेकको आउटलेट पाइपबाट, भूमिगत श्रोत - deep/ shallow tubewell भएमा पम्पको डेलिभरी पाइपबाट

२. पानीपोखरी (Reservoir)को इन्लेट र आउटलेट पाइपबाट

३. पानी प्रशोधन उपप्रणाली समेत भएको अवस्थामा भने, पानी प्रशोधन केन्द्र प्रवेश गर्ने पाइप
प्रशोधित पानी केन्द्रबाट बाहिर निस्कने पाइप (आउटलेट) बाट

४. वितरण पाइपलाइनबाट

५. सम्भव भए सम्म सार्बजनिक धारावाट, सार्वजनिक धारा नभएको स्थानमा सबै भन्दा
पाईप भएको निजी धारावाट

६. उपभोक्ताहरूको स्थानमा, घरायसी स्तरमा बनाइएका पानी जम्मा गर्ने टैंकी, ड्रम, घ्याम्पो,
बाट

गुणस्तर परीक्षणका लागि नमूना कसरी लिने ?

नमूना संकलन गर्ने तरीका पानीको कुन कुन पारामिति जाँच्ने हो अथवा अर्को शब्दमा कस्तो परीक्षण
भर पर्दछ ।

भौतिक/ रासायनिक परीक्षण : भौतिक तथा रासायनिक परीक्षणगर्न तथा सोको लागि पानीको नमूना
कुराहरु बिचार गर्नुपर्छ ।

क) पानीको नमूना लिने धारालाई बन्द गरी धाराको टुटी सफा टिस्यु पेपरले पुछी पेपरमा मिथानल
धाराको टुटीलाई निर्मलीकरण गर्ने । प्लास्टिकको टुटी भए मिथानोलले भिजाई निर्मलीकरण गर्दा हुन्छ ।
मध्यम गतिमा धारा खोल्ने र त्यसपछि निर्मलीकृत भाँडोमा पानीको नमूना लिनुपर्छ ।

ख) नमूना संकलन र परीक्षण गर्ने समयको अन्तर सके सम्म कम गर्नुपर्छ । नमूना लिई सके पछि तत्काले
गर्न संभव नभएमा निर्मलीकृत १ लिटरको बोतलमा केही खाली ठाउँ राखेर पानीको नमूना लिने र
बोतलमा नाम र कोड नंबर लेखी आईस बक्समा राखेर परीक्षण स्थलमा लैजानु पर्छ ।

ग) धारा बाहेक पोखरी, ईनार, कुवा आदिको नमूना संकलन गर्दा पानीको सतहभन्दा २० से.मी. तलबाट
भाँडोमा नमूना लिनु पर्दछ । त्यसरी नमूना लिंदा डोरी सहितको नमूना कपको प्रयोग गरिन्छ । नदीको
पानीको नमूना लिदा मुख्य बहाव क्षेत्रको विपरित दिशामा २० से.मी. डुबाई लिनुपर्छ ।

घ) नमूना संकलन गर्दा काँच वा पोलिथिनको बोतलमा न्युन तापक्रममा (सकेसम्म चीसो बनाएर
गर्नुपर्छ । क्लोरिन अवशेष (Residual Chlorine), हाईड्रोजन विभव(pH) र धमिलोपन (Turbidity)
पारामिती (Parameter)को परीक्षण नमूना संकलन गरे लगत्तै गर्नुपर्दछ ।

सूक्ष्म जैविक परीक्षण गर्दा माथि उल्लेखित कुराका अतिरिक्त निम्न कुराहरु महत्वपुर्ण छन् ।

- निश्चित बिधि अपनाएर निर्मलीकृत बोतलहरुमा नमूना लिई २ घण्टा भित्रै परीक्षण गरिसक्नु पर्छ।
- तोकिएको समयावधि भित्र नमूना परीक्षण गर्न ढिलो हुने वा संभव नहुने भएमा सो नमूनालाई ४ डिग्री
तापक्रममा सुरक्षित राखी ढुवानी गरी ६ घण्टाभित्र परीक्षण गर्नुपर्दछ ।

- क्लोरिन प्रयोग भएको नमूनाको हकमा निर्मलीकृत बोतलमा क्लोरिन तटस्थीकरण गरी नमूना संकलन गर्नुपर्दछ ।
- नमुना पानीलाई धेरै हल्लाउन हुन्न र घामबाट बचाउनु पर्दछ ।

गुणस्तर परीक्षण विधिहरू

पानीमा जाँचिने पारामितिहरूको आधारमा परीक्षण विधि छनौट गरिन्छ । यसका निम्ति नेपाल सरकार खानेपानी मन्त्रालयद्वारा विकसित NWASH MIS मा रहेको Water Quality Application मा प्रयोग गर्न सकिन्छ । सो Application को प्रयोग र संचालनले पानी परीक्षण तथ्यांकहरु सदा सुरक्षीत रहने र अनुगमन, नियमा र व्यवस्थापनका निम्ति सरल र सहज हुनेछ ।

कतिपय पारामितिहरू जस्तै हाइड्रोजन विभव, तापक्रम, धमिलोपन, आदि साधारण उपकरणबाट जाँच्न सकिन्छ भने कतिपय रासायनिक पारामितिहरु जाँच्न अत्याधुनिक, जटिल र महँगा यन्त्र/उपकरणहरू आवश्यक पर्दछन् । खानेपानीको गुणस्तर परीक्षणका लागि प्रदेश केन्द्रमा स्थापना भएका संघीय वा प्रादेशिक वा स्थानीय सरकारका प्रयोगशालाहरू वा नीजि क्षेत्रका मान्यता प्राप्त प्रयोगशालाहरूबाट सेवा लिन सकिन्छ । ग्रामीण खानेपानी प्रणालीमा संचालन-अनुगमनका सिलसिलामा गरिने परीक्षणहरु सेवा प्रदायकले आफनै फिल्ड टेष्ट किटद्वारा वा नजीकका प्रयोगशालाबाट गर्न/ गराउन सक्नेछन् । फिल्ड टेष्ट किटद्वारा गरिने सूक्ष्म जीवाणु (इ-कोली) को परीक्षण विधि उदाहरण स्वरुप परिशिष्ट नं. ४ मा दिइएको छ । आजकल बजारमा सुखा मेडिया (dry plate) प्रयोग गरी कूल कोलिफर्म र इ-कोली एकै पटक परीक्षण गर्न सकिने फिल्ड टेष्ट किट पनि प्रचलनमा आएका छन् ।

गुणस्तर परीक्षणका नतीजाहरूले दिने जनाउ

कुल कोलिफर्म माटो, बनस्पति र जनावरहरूमा प्राकृतिक तवरले नै पाइन्छ । वितरित खानेपानीमा कोलिफर्म देखिनु भनेको यदि इनार वा ट्युबवेल श्रोतको रुपमा प्रयोग गरिएको छ भने भूमिगत पानीमा सतही पानी अन्तःस्राव (infiltration) भई मिसिएको र खोलानालाको श्रोत हो भने प्रशोधन इकाइले राम्रो काम गर्न छोडेको भन्ने बुझिन्छ । इ-कोली मान्छे र जनावरका पाचन प्रणालीसंग सम्बन्धित अन्तिम अंगमा पाइन्छ । वितरित खानेपानीमा इ-कोली देखिनुको अर्थ पानी प्रांगारिक मल वा ढल मिसिएर प्रदूषित भएको छ भन्ने बुझिन्छ । खानेपानीमा यी जीवाणुका उपस्थितिले हाम्रो स्वास्थ्यलाई हानी पुऱ्याउन सक्छ । धाराबाट लिइएको नमूना परीक्षण गर्दा क्लोरिन अवशेषको मात्रा पाइएमा पानी इ-कोलीद्वारा प्रदूषित छैन भन्ने बुझिन्छ ।

अनुसूचि ६

दफा १० संग सम्बन्धित

पानी परीक्षण प्रयोगशालामा खानेपानी गुणस्तरको अभिलेख राख्ने नमूना फाराम :

खानेपानी प्रणालीको नाम : .....

वडा नं. : ....., टोल : .....

सि.नं.	मिति	नमूना लिएको स्थान	परिक्षण गरेका पारामिति	इकाई (Unit)	खानेपानी गुणस्तर मापदण्ड २०८०	परीक्षण नमूनाको प्राप्त विवरण	परीक्षण गरिएको प्रयोगशाला	कैफियत
१								
२								
३								

फिल्ड परीक्षण किटबाट खानेपानी गुणस्तर परीक्षण गरी अभिलेख राख्ने फारामको नमूना:

खानेपानी प्रणालीको नाम: .....

वडा नं.: .....टोल: .....

सि.नं.	मिति	नमुना लिएको स्थान	परीक्षण गरिएका पारामितिहरु				कैफियत
			५(१०) NTU	६.५-८.५	*०.१-०.२*	मि.ग्रा./लिटर ० CFU/१०० ml	
			धमिलोपना	pH	क्लोरिन अवशेष	ई.कोली	
१							
२							
३							

....

परीक्षण गर्ने

अनुसूचि ७

(दफा (१२) संग सम्बन्धित)

नियमनकारी निकाय, सेवा प्रदायक संस्था तथा अन्य सरोकारवालाहरूका भूमिका तथा जिम्मेवारी

खानेपानी गुणस्तर अनुगमन सम्बन्धी कार्यहरू	सेवा प्रदायक	नियमन निकाय	अन्य सरोकारवालाहरू	कैफियत
खानेपानी सुरक्षा टोली गठन	प्रत्यक्ष संलग्न भई आफै काम गर्ने			
प्रत्यक्ष विश्लेषण, प्रदूषण पहिचान, जोखिम विश्लेषण, नियन्त्रण-उपायको प्राथमिकिकरण	प्रत्यक्ष संलग्न भई आफै काम गर्ने		अप्रत्यक्ष रुपमा काम सम्पादन गर्न सहायकसिद्ध हुने कार्य गरी टेवा पुऱ्याउने	
सुधार कार्यः योजना तर्जूमा र कार्यान्वयन	प्रत्यक्ष संलग्न भई आफै काम गर्ने	अप्रत्यक्ष रुपमा काम सम्पादन गर्न सहायकसिद्ध हुने कार्य गरी टेवा पुऱ्याउने		
(संचालन-अनुगमन)को सिलसिलामा निरीक्षण, र पानीको नमूना परीक्षण	प्रत्यक्ष संलग्न भई आफै काम गर्ने		अप्रत्यक्ष रुपमा काम सम्पादन गर्न सहायकसिद्ध हुने कार्य गरी टेवा पुऱ्याउने	
परिपालना- अनुगमन		प्रत्यक्ष संलग्न भई आफै काम गर्ने	अप्रत्यक्ष रुपमा काम सम्पादन गर्न सहायकसिद्ध हुने कार्य गरी टेवा पुऱ्याउने	
गुणस्तर निगरानी		प्रत्यक्ष संलग्न भई आफै काम गर्ने	अप्रत्यक्ष रुपमा काम सम्पादन गर्न सहायकसिद्ध हुने कार्य गरी टेवा पुऱ्याउने	यहाँ नियमन निकाय भनेको नेपाल सरकारका स्वास्थ्य सेवा प्रदायक निकायहरु तथा महानगरपालिकाको जनस्वास्थ्य शाखा बुझ्नु पर्छ।

नोटः महानगरपालिकाको काम, कर्तव्य र अधिकारहरुमा (संविधानको अनुसूचि ८) 'स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनि प्रदूषण नियन्त्रण र नियमन; स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन गर्ने र संविधानको अनुसूची ९ अनुसार साझा अधिकार अन्तर्गत 'संघ र प्रदेशको कानूनको अधिनमा रही खानेपानी महसूल निर्धारण र खानेपानी सेवा व्यवस्थापन गर्ने' उल्लेख छ । यो कानूनी प्रावधानलाई मद्येनजर गर्दा महानगरपालिका सेवा प्रदायक संस्था र नियमनकारी निकाय दुवै हुन सक्ने देखिन्छ तर एकै समय दुवै भूमिकामा देखिनु सिद्धान्ततः उचित नदेखिने हुनाले, उपभोक्ता समितिद्वारा संचालन-सम्भार भइरहेका महानगर क्षेत्रमा पर्ने खानेपानी प्रणालीहरूका खानेपानी गुणस्तरको परिपालन-अनुगमन (महानगरपालिका) ले गर्नेछ ।

परिशिष्टहरू

परिशिष्ट १. स्यानिटरी निरीक्षणका सिलसिलामा अवलोकन गरिने वा जानकारी लिइने केही प्रमुख बुँदाहरु

क्रमसंख्या	पानी प्रदूषण हुन सक्ने अवस्थाहरू	जोखिम
क) इनार/ट्युबवेल जस्ता भूमिगत पानीका स्रोतका लागि		
१	के इनार/ट्युबवेल नजीक (१० मिटरको परिधिभित्र) चर्पी बनेकोछ ?	छ/छैन
२	के नजीकको चर्पी इनार/ट्युबवेल भन्दा उच्च भू-भागमा बनेकोछ ?	छ/छैन
३	के इनार/ट्युबवेल नजीक फोहरमैला (गाइवस्तुको मलमूत्र वा अन्य ठोस फोहर) जम्मा हुने गरेकोछ ?	छ/छैन
४	के इनार/ट्युबवेल वरिपरि(२ मिटरको परिधिभित्र) वर्षाको पानी जम्ने गरेकोछ ?	छ/छैन
५	के इनार/ट्युबवेलको चारैतिरको एप्रोन (ढलान गरिएको भूँई)को चौडाइ १ मिटर भन्दा कम छ ?	छ/छैन
६	के इनार/ट्युबवेलको एप्रोन चर्किएको वा टुटेको वा भत्किएको छ ?	छ/छैन
७	के इनारको गारोमा जमिन भन्दा ३ मिटर सम्मको गहिराइमा लगाइएको water seal टुटेको वा भत्किएको छ ?	छ/छैन
८	के ट्युबवेलको हेड र बेसप्लेटको जोर्नी खुकुलो भएको छ ?	छ/छैन
९		
ख) खोला नाला जस्ता सतही पानीका स्रोतका लागि		
१	के इन्टेक भन्दा माथिल्लो तटीय क्षेत्रमा मानव बस्तीको कारण पानी प्रदूषित हुने गर्छ ?	छ/छैन
२	के इन्टेक भन्दा माथिल्लो तटीय क्षेत्रमा हुने खेतीपातीको कारण पानी प्रदूषित हुने गर्छ ?	छ/छैन
३	के इन्टेक भन्दा माथिल्लो तटीय क्षेत्रमा पशुपालनको कारण पानी प्रदूषित हुने गर्छ ?	छ/छैन
४	के इन्टेक भन्दा माथिल्लो तटीय क्षेत्रमा कलकारखानाको कारण पानी प्रदूषित हुने गर्छ ?	छ/छैन
५	के इन्टेक भन्दा माथिल्लो तटीय क्षेत्रमा पहिरो जाने गर्छ र पानीको धमिलोपन बढ्ने गर्छ ?	छ/छैन
६	के इन्टेक नजीक माछा मार्ने, लुगा धुने वा नुवाइधुवाइ गर्ने गरिन्छ ?	छ/छैन
७	के इन्टेकमा न्यूनतम बहाव र चापको लागि weir वा dam जस्ता संरचनाको आवश्यकता छ ?	छ/छैन
८	के इन्टेकमा ग्राभेल फिल्टर आवश्यक छ ?	छ/छैन
९	के फिल्टरले काम गर्न नसकेको अवस्था छ ?	छ/छैन
ग) प्रशोधन केन्द्र तथा पानी पोखरीका लागि		

१	के प्रशोधन केन्द्रका संरचनाका भित्ताहरू चुहिने भएका छन् ?	छ/छैन
२	के प्रशोधन केन्द्रमा अनधिकृत प्रवेश हुने गरेको छ ?	छ/छैन
३	के प्रशोधन केन्द्रको परिसरमा फोहरमैला हुने गरेको छ ?	छ/छैन
४	के पानीपोखरीका म्यानहोल च्याम्बरका ढकनी टुटे, फुटेको छ?	छ/छैन
घ) पाइपलाइन तथा धाराको लागि		
१	के बिपिटिका ढकनी टुटे, फुटेका छन्?	छ/छैन
२	के वितरण च्याम्बरका ढकनी टुटे, फुटेका छन्?	छ/छैन
३	के पाइपका जोर्नी वा फिटिङ्ग जोडिएका स्थानबाट पानी चुहिने गर्छ ?	छ/छैन
४	के धारा वरिपरिका स्थानमा पानी जम्ने गर्छ ?	छ/छैन

"छ" भन्ने जबाफको संख्या र जम्मा प्रश्नका संख्याको अनुपातको आधारमा पानी प्रदूषण हुन सक्ने जोखिमको स्तर पत्ता लगाइन्छ र सोही अनुसार सुधार कार्य गरिन्छ ।

परिशिष्ट २. WSP अनुसारको नियन्त्रण-उपायहरूका फेहरिस्त

१. स्रोत -क्षेत्रमा हुने प्रदूषणहरू रोक्न प्रयोग गर्न सकिने नियन्त्रण-उपायहरू

१. पानीको मुहान/स्रोत-क्षेत्रमा प्रवेश निषेधाज्ञा

२. स्रोत-क्षेत्रमा अनधिकृत गतिविधिमा नियन्त्रण

३. इन्टेकमा जनावर तथा असम्बन्धित व्यक्तिहरूको प्रवेश रोक्न लगाइएको छेकाबार

४. कृषिमा किटनाशक र मलखाद प्रयोगलाई सुरक्षित पार्न कृषि संहिता लागू

५. पानीको गुणस्तरका दृष्टिकोणले संवेदनशील स्थानबाट कृषि तथा पशुपालन सम्बन्धी कार्यहरू टाढा राखिएको

६. स्रोत-क्षेत्रको बासिन्दा(सरोकारवाला)हरूलाई तालीम-गोष्ठी आदिमा संलग्न गराइएको

७. स्रोत-क्षेत्रको विकल्पहरू को खोजी

८. मुहान र स्रोत-क्षेत्रको अवस्थाको निरन्तर अनुगमन गर्ने

९. इनार तथा ट्युबवेलको निरन्तर अनुगमन गर्ने

२. प्रशोधन केन्द्रमा हुने प्रदूषणहरू रोक्न प्रयोग हुन सक्ने नियन्त्रण - उपायहरू

१. प्रमाणित प्रशोधन विधिहरू

२. संचालन- सीमा संकटकालीन अवस्थामा पुगेको संकेत गर्ने उपकरणहरूको प्रावधान

३. तयारी-अवस्थामा जगेडा जेनेरेटर

४. स्व-चालित बन्द गर्ने प्रणाली

५. दक्ष र तालीम प्राप्तकर्मचारी (अपरेटर)

६. घेराबार, बन्द ढोका, अनधिकृत प्रवेशमा रोक

७. संचार, सम्पर्क

३. वितरण प्रणालीमा हुने प्रदूषणहरू रोक्न प्रयोग हुन सक्ने नियन्त्रण - उपायहरू

१. पानीपोखरीको नियमित निरीक्षण

२. पानी पोखरी खुला भए ढाक्ने

३. वितरण प्रणालीलाई सधै अद्यावधिक तुल्याई राख्ने

४. भल्भहरूको स्थिति प्रष्ट राख्ने

५. पाइपमा पानीको चाप अनुगमन गर्ने, रेकर्ड राख्ने

४. उपभोक्ताको स्थानमा हुन सक्ने प्रदूषणहरू रोक्न प्रयोग हुन सक्ने नियन्त्रण - उपायहरू

१. उपभोक्ता शिक्षा

२. उपभोक्ताका घर आँगन निरीक्षण

परिशिष्ट ३

सेवाप्रदायकले संचालन-अनुगमनका क्रममा जाँच गर्नुपर्ने पारामिति तथा सो को आवृत्ति (Frequency)


सि.नं.	वर्ग	परामिति	अनुगमन आवृत्ति
१	भौतिक	धमिलोपना	दैनिक
२		हाइड्रोजन विभव	दैनिक
३		रंग	दैनिक
४		स्वाद तथा गन्ध	दैनिक
५		कुल घोलित ठोस पर्दाथ	त्रैमासिक
६		विद्युतीय संवाहकता	दैनिक
७	रासायनिक	क्लोरिन अवशेष	दैनिक
८		फलाम	मासिक
९		मेंगानिज	वार्षिक
१०		आर्सेनिक	वार्षिक
११		क्याडमियम	वार्षिक
१२		क्रोमियम	वार्षिक
१३		सायनाइड	वार्षिक
१४		फ्लोराइड	वार्षिक
१५		शिशा	वार्षिक
१६		अमोनिया	मासिक
१७		क्लोराइड	मासिक
१८		सल्फेट	वार्षिक
१९		नाइट्रेट	मासिक
२०		तामा	वार्षिक
२१		कूल कडापन	मासिक
२२		क्यालसियम	मासिक

२३ २४ २५		जस्ता पारो आलुमिनियम	वार्षिक वार्षिक वार्षिक
२६ २७	सूक्ष्म जैविक	इ-कोली कूल कोलीफर्म	मासिक मासिक

परिशिष्ट ४ पानीमा पाइने सूक्ष्म-जीवाणु (ब्याक्टेरिया) परीक्षण गर्ने विधि[1]

फिल्डमा पनि विभिन्न उत्पादक कम्पनीका फिल्ड टेष्ट किटको प्रयोग गरी सूक्ष्म-जीवाणु परीक्षण गर्न सकिन्छ। उत्पादक कम्पनीले आ-आफ्ना किटहरू कसरी प्रयोग गर्ने भनी म्यानुअल पनि दिएका हुन्छन्। सिद्धान्ततः सूक्ष्म-जीवाणु परीक्षण MPN Method वा मेम्ब्रेन फिल्ट्रेशन विधिद्वारा हुने गर्छ। मेम्ब्रेन फिल्ट्रेशन विधि अन्य विधि भन्दा बढी प्रभावकारी र प्रचलनमा रहेको हुँदा, यसै विधिको प्रयोग बारे उदाहरणको रूपमा चर्चा गरिएको छ। फिल्ड टेष्ट किटको माध्यमबाट पानीमा ब्याक्टेरिया परीक्षण गर्दा निम्न विधिहरू अपनाउन सकिन्छ।

1. डिपिडि नं १ चक्की वा अरु कुनै विधि प्रयोग गरी पानीको क्लोरिन अवशेष परीक्षण गर्ने। यदि क्लोरिन अवशेष(FRC)- ०.१ मि.ग्रा./ लि.भन्दा कम भएमा ब्याक्टेरिया परीक्षण गर्नु आवश्यक हुन्छ।




2. स्याम्पल(नमूना) कप र फिल्टर होल्डर कपलाई टिस्यु पेपर वा. सफा कपडाले राम्रोसंग पुछेर लगभग ३ मि.लि. मिथानोल राखी आगो बालेर निर्मलिकरण गर्ने। फिल्टर होल्डर कपमा आगोको ज्वाला निभ्न लागेको तर ननिभिसकेको अवस्थामा फिल्टर कपलाई घोप्ट्याएर राख्ने। करिव ५– ७ मिनेट पर्खिने।




3. सो समयमा निर्मलिकृत स्याम्पल कपमा वा निर्मलिकृत बोतलमा पानीको नमूना लिने। फिल्टर होल्डरलाई सुल्ट्याइ **खुकुलो** राख्ने।




1. धारालाई बन्द गरी टिस्यु पेपरले पुछी टिस्यु पेपरमा मिथानोल राखी बालेर धाराको टुटीलाई निर्मलिकरण गर्ने । प्लास्टिकको टुटी भए मिथानोलले भिजाइ निर्मलिकरण गर्दा पनि हुन्छ ।



2. ५ मिनेट सम्म मध्यम गतिमा धारा खोल्ने र त्यस पछि निर्मलिकृत भाँडोमा पानीको नमूना लिने। नमूना लिई सक पछी तत्कालै परीक्षण नगर्ने भएमा निर्मलिकृत बोतलमा केही खाली ठाँउ राखेर बिर्को लगाई बोतलमा नाम र कोड संख्या पनि लेखी नमूना लिने र आइस बक्समा राखेर परीक्षणस्थल लैजाने।



3. धारा बाहेक पोखरी ईनार, कुवाआदीको नमूना लिँदा पानीको सतहभन्दा २० से. मी. तलबाट निर्मलिकृत भाँडोमा नमूना लिने। कीट बाकसमा त्यसरी नमूना लिन डोरी सहितको नमूनाकप हुन्छ। नदीको वा बगीरहेको पानीको नमूना लिँदा मुख्यबहाव क्षेत्रको विपरीत दिशामा २० से. मी. डुबाई लिनुपर्छ ।



ब्याक्टेरियाको मेडिया बनाउने तरीका

1. ७.६ ग्राम M-Lauryl Sulphate Broth (वा अन्य कुनै मेडिया उक्त बोतलमा लेखिएको मात्रा अनुसार) सफा प्लास्टीकको बोतलमा राखी १०० मि.लि. भएसम्म डिस्टील्ड पानी, नभएमा सफा पानीमा घोली बिर्को खुकुलो राखेर;
   - ❖ Autoclave मा १५ PSI प्रेसरमा १५ मिनेट राख्ने वा,
   - ❖ प्रेसरकुकर भित्र काठको टुका माथी राख्ने। कुकरमा केही पानी राखेर सिठी लगाउने,

   सेलाए पछी बिर्को लगाई चिसो ठाँउमा वा भ्याक्सीन बक्समा राख्ने ।



2. उम्लीरहेको तातोपानीले बोतल सफा गरी तातो पानीमै घोलेर मात्र पनि माथीकै विधिबाट मेडिया बनाउन सकिन्छ। तर त्यसरी बनाएको मेडिया एकै दिन मात्र प्रयोग गर्न हुन्छ । यसरी बनाउँदा ५० मि.लि. को बोतलमा बनाउन सकिन्छ ।


सावधान!! स्टोर गरेको मीडियाको रङ पहेलो भएमा वा बोतलमा ग्यास भरिएमा प्रयोग गर्नु हुदैन ।

ब्याक्टेरियल किटको सुरक्षा एवं प्रायः सोधिने केही प्रश्नहरू

- ❖ प्रयोग नभएर राखेको अवस्थामा पनि कम्तीमा महिनाको तीनपटक किटललाई फुलचार्ज गरिरहनु पर्दछ। किट जहिले पनि जानकार प्राविधिकको रेखदेखमा राख्नुपर्छ । स्टोरमा त्यत्तिकै थन्क्याउनु हुँदैन ।
- ❖ कीटलाई चार्जिङ र इन्क्युबेटर अन एकैपटक गर्न हुन्छ कि हुँदैन? हुन्छ । तर प्रत्येक पटकको इन्क्युबेसन साईकल पछि संभव भएसम्म चार्ज गर्नु पर्दछ ।

- फिल्टर पेपरको किनारामा गोलो घेराभन्दा बाहिर देखिएका कोलोनीहरूलाई के गर्ने? फिल्टर फनेल राम्रोसंग नकसिएमा त्यस्तो हुन्छ। पुनःपरीक्षण गर्नु राम्रो हुन्छ।
- ब्याक्टेरियाको नाप्ने एकाइ के हो ? CFU/100 ml, Colony Forming Unit/100 ml
- मेडिया हातमा पर्यो भने के गर्ने ? मेडिया हानीकारक नहुने हुँदा सफा पानीले धोए हुन्छ।
- विजुलिको भोल्टेज घटबढ भएको बेलामा किटलाई सकेसम्म चार्ज गर्नु हुँदैन।
- परीक्षणकर्ताको हात सफा हुनुपर्छ र परीक्षण गर्ने समयमा खानेकुराहरू खाने वा धुम्रपान गर्ने गर्नु हुँदैन।

झोल कल्चर मेडियाको सट्टामा आजकाल ड्राइप्लेटको प्रयोग गरेर पनि इ-कोली परीक्षण गर्न सकिन्छ। तल दिइएका फोटोहरुले यो विधि बारे वर्णन गर्दछन्।



1. Compact Dry Plates (*E.coli*)-सुख्खा प्लेट (इ-कोलीको लागि)
2. Funnels- फनेल (सोली)
3. Hand Sanitizer- हात सफा गर्ने स्यानिटाइजर
4. Handpump and Rubber Rubing- (हाते पम्प र रबरको नली)
5. Syringe- सिरिञ्ज
6. Filter Support Unit- फिल्टर पेपर अड्याउने भाँडो (इकाइ)
7. Marker Pen- मार्कर पेन
8. Forceps (tweezers)- फोरसेप (चिम्टी)
9. Flask- फ्लास्क (भाँडो)
10. Alcohol Wipes- अल्कोहलले भिजेको पुछ्ने कागजी रुमाल
11. Chlorine Tablets- क्लोरिन ट्यावलेट
12. Filter Membrane (included in box with Microfil Funnels)- फिल्टर मेम्ब्रेन (स-साना फ़नेल सहित वट्टामा राखिएको)
13. Incubation Belt- इन्क्युवेशन (उष्मायन) गर्ने बेल्ट (पेटी)


परीक्षण विधि : उदाहरण




१. स्यानिटाइजर लगाएर हात सफा गर्ने



२. प्लेटको तल लेबल लेख्ने ठाँउमा नमूना को कोड र परीक्षण समय



४. अल्कोहललले भिजेको कागजी रुमालको प्याकेट खोल्ने



५. अल्कोहललले भिजेको रुमालले चिम्टी र फिल्टर युनिटको माथिल्लो भाग राम्ररी पुछ्ने



६. चिम्टीलाई अल्कोहललले भिजेको रुमाल माथि राख्ने ताकि चिप्टी निर्मलिकृत भइरहोस्



७. बट्टाबाट एउटा मेम्ब्रेन फिल्टर झिक्ने




८. धर्काहरु भएको सेतो फिल्टर झिक्ने (निलो कागज फर्याकिदिने, फिल्टरलाई नछुने वा कुनैपनि वस्तुसँग छुने वा सम्पर्कमा आउन नदिने, कुनै कारणवश भुईमा खसी हालेमा अर्को



९. फिल्टर पेपर अड्याउने भाँडो (इकाइमां) फिल्टरको धर्का भएको सतह माथि पारेर राख्ने




१०. प्लाष्टिकको खोलबाट सोली झिक्ने, सावधानः सोलीको भित्री भागमा छुनु हुँदैन



११. सोलीको वाहिरीभागमा समातेर फिलटर राख्ने भाँडोमा सोली राख्ने



१२. सोलीमा कोरिएको १०० ML को धर्का सम्म पानीको नमूना भर्ने



13. Open one sterile 1 mL

१३. निर्मलकृत १ ML साइजको सिरिञ्ज द्वारा १ ML नमूना पानी तान्ने



14. Use the other hand to lift

१४. अर्को हातले सुखा प्लेटको कभर उप्काइ त्यसमा सिरिञ्जद्वारा नमूना पानी १ ML हाल्ने




15. Connect the handpump to the flask and pump until the

१५. फ्लास्कमा हातेपम्प जडान गर्ने र सबै नमूना पानी फिल्टर नभएसम्म पम्प चलाउने



16. Disconnect the pump then carefully remove and discard the

१६. पम्प निकाल्ने र सावधनी पूर्वक सोली ने झिक्ने र फिल्टर राख्ने भाँडोमा (इकाइ) ल्टर छोडिदिने



17. Use the sterile forceps to remove the filter from the

१७. निर्मलीकृत चिम्टीको मद्दतले फिल्टर इकाइबाट फिल्टर झिक्ने र धर्का भएको सतहलाई माथि पारी प्लेटमा राख्ने



18. Wipe down the surface of the filtration unit then pour out

१८. फिल्टर राख्ने भाँडो (इकाइ) लाई पुछ्ने र फ्लास्कमा भएको पानी फ्याँकिदिने



19. Collect all garbage and

सबै फ्याँकिने वस्तुहरु एक ठाउँमा जम्मा उचित स्थानमा फ्याँकिदिने । जथाभावी नजाने




20. Place the Compact Dry plate into the incubation vest.

२०. सुखा प्लेटलाई इन्क्युवेशन बेल्ट भित्र राख्ने




21. Incubate for 24-48 hours and then record result in water

२१. २४ देखि ४८ घण्टा इन्क्युबेट गर्ने (३७° C तापक्रममा) र पानीको इ-कोली परीक्षणको नतिजा रेकर्ड गर्ने (नीलो (Blue_ कोलोनीले इ-कोलीलाई जनाउँछ)



Escherichia coli ATCC 11775



Citrobacter freundii ATCC 8090

प्रयोग गरिएका प्लेटलाई विसर्जन गर्ने तरिका :

सुक्ष्म- जीवाणु अर्थात इ-कोली परीक्षण गर्न इन्क्युबेटरमा राखिएका प्लेटहरूमा सूक्ष्म- जीवाणु धेरै हुने भएकोले जथाभावी फ्याँक्नु हानीकारक हुन्छ। प्लाष्टिक जन्य बस्तुबाट बनेकोले जलाउनु पनि राम्रो होइन। त्यसैले निम्न तरिका अपनाई उचित विसर्जन गर्नु पर्छ।

१. सर्वप्रथम सिरिञ्जद्वारा २ मिलिलिटर पानी प्लेटमा हाल्ने

२. त्यसमा एउटा क्लोरिन ट्याब्लेट राख्ने

३. करिब ३० मिनेट पछि प्लेटमा इन्क्युबेशन पछि बृद्धि भएका सूक्ष्म -जीवाणुहरु मर्छन् र प्लेट अन्य प्लाष्टिकजन्य वस्तु फ्याँक्ने ठाँउमा फ्याँक्ने।

सावधान , यी प्लेटहरू आगोमा बाल्न हुँदैन !

पोखरा महानगरपालिका

गण्डकी प्रदेश, कास्की



पोखरी संरक्षण तथा विकास निर्देशिका

मस्यौदा संस्करण

विषयसूची

१. परिचय १

२. उद्देश्य १

३. नीतिगत पृष्ठभूमि २

नेपालको संविधान २०७२ ..... २

भूउपयोग नीति २०७२ ..... २

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ..... २

४. पुनर्स्थापना तरिका ४

वर्गीकरण तथा मान्यता ४

चुनौती पहिचान ४

संरक्षण/पुनरुत्थान ४

संरक्षण तथा व्यवस्थापन ६

५. संस्थागत व्यवस्था ८

६. सन्दर्भ सामग्री १०

अनुसूचीहरू १२

१. परिचय

पोखरा महानगरपालिका गण्डकी प्रदेशको राजधानी तथा कास्की जिल्लाको सदरमुकाम पनि हो । यो क्षेत्रफलको हिसाबले नेपालको सबैभन्दा ठूलो र जनसंख्याको हिसाबले दोस्रो ठूलो महानगर हो । पोखरा महानगरपालिका नेपालको राजधानी काठमाडौंबाट २०० किलोमिटर (१२० माइल) पश्चिममा अवस्थित छ । फेवा तालको किनारमा रहेको यो सहर करिब ८२२ मिटरको उचाइमा अवस्थित छ । संसारका दस अग्लो चुचुराहरू मध्ये तीन- धौलागिरी, अन्नपूर्ण १ र मनास्लु – पोखरा उपत्यकाको २४–५६ किमी (१५-३५ माइल) भित्र रहेको छ ।

पोखरा महानगरको सिमानामा पूर्वमा मादी र रुपा गाउँपालिका, पश्चिममा अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा जिल्ला, उत्तरमा माछापुच्छे र मादी गाउँपालिका तथा दक्षिणमा स्याङ्जा र तनहुँ जिल्ला पर्दछन् । यसको कुल क्षेत्रफल ४६४ वर्ग किलोमिटर रहेको छ । महानगरको पूर्व-पश्चिम विस्तार ३४.३१ किमी छ भने उत्तर दक्षिण विस्तार २९.४१ किमी छ ।

पोखरा महानगर जलस्रोतमा धनी छ । यहाँको प्रमुख नदी सेती हो जुन शहरको केन्द्रबाट बग्छ । अन्य महत्वपूर्ण नदी/खोलाहरूमा सुरौदी खोला , काहु खोला , हरपन खोला , फुस्रे खोला , विजयपुर खोला , गढुवा खोला , काली खोला , स्याङ्गुडी खोला , सानी खोला , बुलौदी खोला , भोटी खोला , घोरकुना खोला , खोलाबेसी खोला , बगडी खोला , फिर्के खोला , ग्याङ खोला , लौरुक खोला , बेतानी खोला , अधेरी खोला , थुलढुंगा खोला , पुडी खोला र खर खोला हुन् । पोखरालाई तालहरूको शहर पनि भनिन्छ । फेवाताल, बेगनास ताल, रुपा ताल, मैदी ताल, दिपाङ ताल, खास्टे ताल, गुदे ताल, न्युरिनी ताल, कश्यप ताल र कमलपोखरी आदि यहाँका प्रमुख ताल हुन् ।

साना पोखरी र झरनाहरूको सन्दर्भमा, पोखरा महानगर प्रोफाइलमा वास्तविक संख्या र अवस्थाको कुनै अभिलेख छैन । पोखराका विभिन्न वडामा १२० भन्दा बढी साना पोखरी र १५ देखि २० वटा मौसमी प्राकृतिक झरना रहेको अनुमान गरिए पनि उनीहरुको हालको अवस्था/स्थिति अझै थाहा हुन सकेको छैन । महानगरको त्रीवर्षीय योजना तथा कार्यक्रम अनुसार वातावरण शाखा र वडा कार्यालयले ४ देखि ५ पोखरीमा कँक्रिटिङ र सौन्दर्यीकरणका लागि थोरै बजेट विनियोजन गरेको पाइएको छ ।

यस सन्दर्भमा, यहाँको तालको व्यवस्थापन संघीय र प्रदेश सरकार दुवैको साझा विषय हो । साथै ताल व्यवस्थापनको जिम्मेवारी धेरै क्षेत्रीय विभागहरूलाई पनि दिईएको छ । तर पोखरी संरक्षण तथा व्यवस्थापनको लागि महानगर आफै जागरुक हुन आवश्यक छ । तसर्थ, पोखरा महानगरको स्थानीय परिवेश अनुरूप पोखरी संरक्षण निर्देशिकाको विकासले यहाँ रहेका पोखरीहरूको संरक्षण र व्यवस्थापनलाई प्रोत्साहित गर्दै सांस्कृतिक तथा पारिस्थितिकीय प्रणालीको संरक्षणमा सहयोग पुग्नेछ ।

२. उद्देश्य

सहरी जलभण्डारहरू सहरी परिदृश्यको एउटा महत्वपूर्ण विशेषता हो । यी जलभण्डारहरूले त्यहाँ हुने सूक्ष्म जलवायुलाई कायम राख्नुका साथै शहरी क्षेत्रको सौन्दर्य बढाउँदै फूर्सदमा गरिने विभिन्न मनोरञ्जनात्मक गतिविधिका लागि अवसरहरू प्रदान गर्छन् । जलभण्डारलाई उपभोग्य प्रयोजनदेखि सिँचाइ, माछापालन, पर्या पर्यटन जस्ता गैरउपभोग्य प्रयोजनमा प्रयोग गर्न सकिन्छ । यी क्षेत्रहरू कलात्मक, धार्मिक र आध्यात्मिक महत्वका पनि हुन्छन् । त्यसैले सम्पूर्ण पर्यावरणीय प्रणालीको अभिन्न अङ्गका रूपमा पोखरीहरूको पुनरुत्थान, संरक्षण, व्यवस्थापन र मर्मतसम्भारका लागि पहल थाल्नु अपरिहार्य कुरा हो ।

यस निर्देशिकाका प्रमुख उद्देश्यहरूलाई देहायअनुसार सूचीबद्ध गर्न सकिन्छ :

- पोखरीहरूको संरक्षण र पुनरुत्थान गरी तिनीहरूले प्रदान गर्ने सम्पदा मूल्य र वातावरणीय लाभहरूको सम्वर्द्धन गर्ने ।
- साना जलभण्डारमा जथाभावी फोहर पानी र ठोस फोहरमैला फाल्ने कार्यलाई नियन्त्रण र रोकथाम गरी त्यहाँ हुने प्रदूषणलाई नियन्त्रण गर्ने ।
- पोखरीहरूको अतिक्रमण र दुरूपयोगलाई निरुत्साहित गर्ने ।
- पोखरीहरूको प्राकृतिक सौन्दर्यलाई बढाउँदै वरपरका समुदायहरूको आध्यात्मिक, सौन्दर्यात्मक र सामाजिक जीवनलाई समृद्ध बनाउने ठाउँको रूपमा विकास गर्ने ।
- वातावरणीय/पारिस्थितिकीय सेवाहरू वृद्धि गरी पानीको पुर्नभरण तथा उपलब्धताको सुनिश्चित गर्ने ।
- पोखरी संरक्षणबाट हुने कृषि जन्य लाभ वृद्धि गर्ने ।
- बाढीको असरलाई कम गर्न पोखरीहरूको भूमिका अभिवृद्धि गर्ने ।

३. नीतिगत पृष्ठभूमि

नेपालको संविधान २०७२

नेपालको संविधानबमोजिम प्राकृतिक साधनस्रोतको संरक्षण, सम्वर्द्धन र उपयोगसम्बन्धी राज्यले अवलम्बन गर्ने नीतिहरूमा उल्लेख भएका तलका बुँदाहरू पोखरीको हकमा पनि लागू हुने देखिन्छ :

- राष्ट्रिय हितअनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक स्रोतसाधनको संरक्षण, सम्वर्द्धन र वातावरण अनुकूल दिगो रूपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने ।
- जनसहभागितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुउपयोगी विकास गर्ने ।
- प्रकृति, वातावरण वा जैविक विविधतामाथि नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल वा न्यून गर्न उपयुक्त उपायहरू अवलम्बन गर्ने ।
- प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, पूर्वतयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने ।

भूउपयोग नीति २०७२

भूउपयोग नीति २०७२ बमोजिम पोखरीले ढाकेका क्षेत्र सार्वजनिक उपयोगका क्षेत्र अन्तर्गत पर्छन् र पोखरीलाई माछापालनका लागि प्रयोग गरिएमा त्यसलाई कृषि क्षेत्रको रूपमा वर्गीकरण गरिन्छ । यस नीतिले पोखरी, ताल र नदीहरू जस्ता जलस्रोतहरूको डीलमा हरित पेटी निर्माणलाई प्रोत्साहन गर्दै ती जलस्रोतहरूको संरक्षण तथा रेखदेख गर्ने जिम्मेवारी स्थानीय निकायको हुने भनी उल्लेख गरेको छ । यस नीतिले त्यस्ता जलस्रोतको गुणस्तर सम्वर्द्धनका लागि पैरवी गर्दै प्राकृतिक उपयोग र पर्यटकीय प्रयोजनमा हुने उपयोग बाहेकका अतिक्रमणलाई पूर्ण निषेध गर्दछ । नीतिले प्राकृतिक स्रोतहरूको (पोखरी समेतको) स्थिति सुधार र जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्नुपर्ने भनेर पनि उल्लेख गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार तलाउ/पोखरीहरूको लगतसूची तयार गर्ने, तथ्यांक सङ्कलन गरी नियमित अद्यावधिक गर्ने र पोखरीको संरक्षण गर्ने अधिकार र जिम्मेवारी वडा समितिको रहन्छ । त्यसैगरी कुनै पनि भवन निर्माणले पोखरी र अन्य स्रोतसाधन मिचेको वा अतिक्रमण गरिरहेको छ कि छैन भनी अनुगमन गर्न इन्जिनियर, सब-इन्जिनियर वा अन्य कुनै कर्मचारी खटाउने अधिकार र जिम्मेवारी नगरपालिकाको हो । स्थानीय सरकार सञ्चालन ऐनले पोखरीहरू प्रयोग गर्न नदिइएको वा तिनीहरूको प्रयोगमा बाधा पुऱ्याइएको सम्बन्धमा विवाद समाधान गर्ने अधिकार न्यायिक समितिलाई हुनेछ भनी पनि उल्लेख गरेको छ । स्थानीय सरकार सञ्चालन ऐनले पोखरीहरूको रेखदेख, संरक्षण तथा सम्वर्द्धन र अन्य प्रबन्धको जिम्मेवारी पनि नगरपालिकालाई दिएको छ ।

फोहोरमैला व्यवस्थापन नीति, सन् २०२२

फोहोरमैला व्यवस्थापन नीतिको रणनीति २ अन्तर्गतको कार्य नीतिमा नदी प्रणाली, ताल, पोखरी, सिमसार, वन्यजन्तु बासस्थान क्षेत्र, धार्मिक तथा सम्पदा स्थल, संरक्षण क्षेत्र वा अरु कुनै सार्वजनिक स्थलमा फोहोरमैला फाल्न निषेधित रहेको उल्लेख गरिएको छ ।

४. पुनर्स्थापना तरिका

वर्गीकरण तथा मान्यता

कुनै पनि पुनरुत्थान तथा संरक्षण कार्यको पहिलो चरण भनेको पहिचान गरिएको क्षेत्रका समग्र समस्याहरूको पहिचान गरी मान्यता दिलाउनु हो । पोखरीहरूको वर्गीकरण र महत्वलाई परिभाषित गर्नु सम्बन्धित समस्याहरू पहिचान गर्ने दिशामा एउटा महत्वपूर्ण कदम हो । लगतसूची तयार गर्ने विधि यस निर्देशिकाको अनुसूचीमा प्रस्तुत गरिएको छ । वडा कार्यालयहरूले स्थानीय समुदायसँग समन्वय गरी पोखरीहरूको लगतसूची तयार गर्नुपर्छ ।

चुनौती पहिचान

तलाउ/पोखरी क्षेत्रको सर्वेक्षण गरी त्यसको नापनक्सा तयार गर्ने र पोखरी क्षेत्रमा देखा पर्न सक्ने चुनौती र समस्याको पहिचान गर्ने कार्य गरिनुपर्छ । प्रदूषण, अतिक्रमण, दुरूपयोग लगायतका विभिन्न समस्याहरूले पोखरीहरूको सम्भार र अस्तित्वलाई खतरामा पार्न सक्छन् ।

(क) पोखरीको कानूनी स्थितिको पहिचान : सर्वेक्षणको सुरुआतमा पोखरी तथा परिसर क्षेत्रको कानूनी स्वामित्वको बारेमा बुझ्न वाञ्छनीय छ । पोखरीको स्वामित्व कसरी कायम भएको छ भनेर जाँच गरी अभिलेख गर्न सान्दर्भिक छ ।

(ख) स्थलगत अनुगमन सर्वेक्षणमार्फत पोखरीको प्रदुषणमा योगदान पुऱ्याउने विभिन्न वास्तविक र सम्भावित सबै स्रोतहरूको पहिचान गर्नुपर्छ । ती स्रोतहरू यसप्रकार हुन सक्छन् :

- अव्यवस्थित ढलप्रणालीबाट हुने अप्रशोधित ढल वा फोहोरमैलाको प्रवाह ।
- अप्रशोधित औद्योगिक फोहोरमैलाको प्रवाह ।
- ठोस फोहोरमैलाको जथाभावी विसर्जन ।
- नजिकैको कृषि क्षेत्रबाट सतही माटो बगेर आउने ।
- पोखरी वरपर खुला दिशापिसाब ।
- अस्वथकर झार, लेउ वा वनस्पतिको वृद्धि ।
- फोहोरमैलाको जथाभावी र अव्यवस्थित विसर्जनका कारण पोखरीमा जम्मा हने थिग्रो वा फोहोरमैला ।

(ग) पानीको गुणस्तरे जाँच : सरकारी अथवा मान्यता प्राप्त प्रयोगशालाबाट पोखरीमा रहेको पानीको गुणस्तर जाँच गरी, यसको भौतिक, रासायनिक तथा माइक्रोबियल तत्वको पहिचान गर्नुपर्छ । यस्ता परिक्षण प्रत्येक ६ महिनामा गर्नु आवश्यक छ ।

(घ) पोखरी र वरपरका क्षेत्रहरूमा हुने अतिक्रमणलाई नियन्त्रण गर्नुपर्छ । पोखरी र वरपरका क्षेत्रहरूमा हुने अतिक्रमणले पोखरी क्षेत्रहरूमा आउजाउ गर्ने मार्गलाई अवरोध र पोखरीहरूको दुरूपयोगलाई प्रोत्साहन गर्दछ । पोखरीहरूमा आउजाउ गर्ने मार्ग बन्द हुँदा यसले प्रदान गर्ने महत्वपूर्ण सेवाहरू जस्तै आगलागीको आपतकालीन समयमा पानी सङ्कलन र प्रयोगमा बाधा पुऱ्याउन सक्छ ।

संरक्षण/पुनरुत्थान

सामान्यतया, पोखरीहरूको संरक्षण, व्यवस्थापन वा पुनरुत्थानको बारेमा विचार गर्दा तलका कुराहरूमा ध्यान दिनुपर्छ :

- पोखरी र यसको वरपरका क्षेत्रको बारेमा सकेसम्म धेरै ऐतिहासिक जानकारी सङ्कलन गरी व्यवस्थापन कार्यको आधारभूत जानकारीको रूपमा प्रयोग गर्ने ।
- साथै पोखरीको प्रयोग/ उपयोग कसरी भईरहेको छ भन्ने बारेमा जानकारी प्राप्त गरी सो प्रयोग/ उपयोगको लागि अनुकूल हुने वातावरण बनाउने ।
- पोखरी पुनरुत्थान गर्दा यसका वरिपरिका डीलहरू वातावरणप्रति सकेसम्म अनुकूल रहेको सुनिश्चित गर्ने (उदाहरणका लागि पोखरीका डीलहरू कङ्क्रीटको सट्टा माटोले मर्मत गर्नुपर्छ) ।
- पुनरुत्थानमा प्रकृति आधारित समाधान र स्थानीय रूपमा उपलब्ध सामग्रीहरू प्रयोग भएको सुनिश्चित गर्ने ।
- ऐतिहासिक महत्वको पोखरीका हकमा संरक्षण कार्यले पोखरी र यसको समग्र परिदृश्य दुवैलाई ध्यानमा राख्ने ।
- महत्वपूर्ण पुरातात्विक वा ऐतिहासिक महत्वका प्राचीन अवशेषहरू फेला परेका छन् भने तिनीहरूलाई स्थानान्तर गर्नुपर्ने उचित कारण नभएसम्म तिनीहरूलाई कुनै बाधा नगरी त्यही ठाउँमा रहन दिने ।
- अवशेषहरूमा संरचनात्मक रूपमा खण्डित छन् भन्ने मर्मतसम्भारले धेरै क्षति नपुऱ्याउने कुरामा विचार गर्ने ।

१. सीमाङ्कन गर्ने

पोखरीको सीमारेखा र यसको क्षेत्रफलभित्र पर्ने ठाउँहरूलाई अतिक्रमणबाट जोगाउन सकेसम्म प्राकृतिक बारहरूद्वारा राम्रोसँग सीमाङ्कन गर्नुपर्छ । सीमाङ्कनले जलभण्डार, वा पोखरीसँग सम्बन्धित अन्य संरचनाहरूको दृश्यमा बाधा पुऱ्याउनु हुँदैन । सीमाङ्कन गर्नु महत्वपूर्ण कार्य भए तापनि पोखरी क्षेत्रमा आउनेजाने सबै आगन्तुक र प्रयोगकर्ताहरूलाई समन्यायिक पहुँच प्रदान गर्न पोखरी क्षेत्रमा उचित चौडाइ भएको प्रवेशद्वार वा प्रवेशबिन्दुहरूको व्यवस्था गरिनुपर्छ । स्थानीय क्षेत्रमा हुनसक्ने कुनै पनि आपतकालीन अवस्थाका लागि दमकलहरू सजिलै प्रवेश गरी पानी सङ्कलन गर्नसक्ने द्वारहरू पनि राख्नुपर्छ ।

२. जलप्रवेश र जलनिकास स्थानको सम्भार गर्ने

पोखरीको जलप्रवेश (इनलेट) र जलनिकास (आउटलेट) स्थान पहिचान गरी आवधिक रूपमा अनुगमन गरिनुपर्छ । जलप्रवेश र जलनिकास स्थानमा कुनै अवरोध भए पत्ता लगाएर त्यसको अभिलेख राख्नुपर्छ र सो अवरोध हटाउनु पर्छ ।

३. वरपरका क्षेत्रहरूको संरक्षण गर्ने

पोखरी वा यससँग सम्बन्धित परिसरलाई संरक्षित क्षेत्र र वातावरणीय संवेदनशील क्षेत्रको रूपमा घोषणा गरिनुपर्छ । यी क्षेत्रमा कुनै पनि ठोस फोहोरमैला फाल्नु कानूनले दण्डनीय बनाइनुपर्छ । ठोस फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला जम्मा गर्ने डिब्बा राख्नुपर्छ र जम्मा भएको फोहोरमैला नियमित विसर्जन गर्ने उपयुक्त उपायहरूको व्यवस्था गर्नुपर्छ । आगन्तुक/ पर्यटकको सुविधाका लागि वरपरका क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गरिनुपर्छ ।

४. अतिक्रमण रोक्ने

पोखरीको डीलहरू मिच्ने वा अतिक्रमण गर्ने कार्यलाई कडाइका साथ निषेध गर्नुपर्छ । प्रभावित जनसंख्यासँग उचित परामर्श गरेर पुनर्वास र स्थानान्तरणका विकल्पहरूबारे विचार गर्नुपर्छ । पोखरी क्षेत्रफलभित्र संरक्षित क्षेत्र घोषणा गर्न प्रभावकारी नियमहरू लागू गरिनुपर्छ ।

५. फोहोरमैलाको व्यवस्थापन गर्ने

स्थानीय ठोस फोहोरमैला व्यवस्थापन निर्देशिका र नीतिहरूअनुसार फोहोरमैला व्यवस्थापनको लागि पर्याप्त पूर्वाधारको व्यवस्था गर्नुपर्दछ । नगरपालिका वा पोखरी क्षेत्रमा अधिकार राख्ने निकायले जथाभावी फालिएका फोहोरमैलालाई नियमित रुपमा उठाएर व्यवस्थापन गर्नुपर्नेछ ।

६. पोखरीको सरसफाइ गर्ने

पोखरीको अवस्था अनुसार थिग्रो हटाउने, झारपात हटाउने, तैरिएका फोहोरमैला र अन्य मिचाहा प्रजातिका जलीय बिरुवा हटाउने जस्ता सरसफाइका उपायहरू नियमित रूपमा गर्नुपर्छ । पोखरी सरसफाइमा प्रयोग हुने परम्परागत विधिहरू पहिचान गरी प्रयोग गर्नुपर्छ र आवश्यकता अनुसार आधुनिक प्रविधि समेत प्रयोग गर्नुपर्छ । मौसमी पोखरीको परिवेशमा पानी नभरिने समयमा पनि नियमित रुपमा सरसफाई गरिनु पर्छ ।

धार्मिक पोखरीको सन्दर्भमा पूजाविधिहरूबाट हुने फोहोरको व्यवस्थापनलाई पनि विशेष ध्यान पुऱ्याउनु पर्छ । विभिन्न चाडपर्वको बेला फूल आदि सामग्री पोखरीमा विसर्जन गरिने हुँदा, यस्ता सामग्री पोखरीमा नफालिने किसिमले व्यवस्थापन गर्न आवश्यक छ ।

पोखरीबाट निकालिएको फोहोरमैलालाई पोखरीबाट उपयुक्त दूरीमा तोकिएको ठाउँमा भण्डारण गर्नुपर्छ र तिनीहरू वर्षा वा अन्य कुनै कारणले फेरि पोखरीमा बगाएर नल्याओस् भन्ने सुनिश्चित गर्नुपर्छ । पोखरीबाट निकालिएका फोहोरमैलालाई स्थानीय ठोस फोहोरमैला व्यवस्थापन निर्देशिका अनुसार उपचार र व्यवस्थापन गर्नुपर्छ ।

७. वातावरण अनुकूल स्थानीय सामग्रीको प्रयोग गर्ने

पोखरीहरूमा सकेसम्म घाटका लागि सिँढी बनाउन वा पुनरुत्थान गर्न कङ्क्रीट मिश्रणको प्रयोगलाई निषेध गरिनुपर्छ । यस्ता संरचनाहरूको पुनरुत्थानमा वातावरणअनुकूल हुने स्थानीय रूपमा उपलब्ध सामग्री र परम्परागत निर्माण प्रविधिको प्रयोग र प्रवर्द्धन गरिनुपर्छ । कङ्क्रीटको प्रयोगभन्दा माटोको चक्ला वा इँटाको प्रयोग गर्नु उपयुक्त हुनेछ । यो सिद्धान्त पोखरी क्षेत्र वरपरको ऐतिहासिक महत्वका अन्य संरचनाहरूमा पनि लागू गरिनुपर्छ ।

८. प्रभावको लेखाजोखा गर्ने

पोखरी र यसको वरपरका क्षेत्रहरू कुनै पनि व्यावसायिक प्रयोगलाई अनुमति दिनु अघि वातावरणीय र सामाजिक पक्षहरूको दृष्टिकोणबाट तिनीहरूको उचित रूपमा लेखाजोखा तथा मूल्याङ्कन गरिनुपर्छ ।

संरक्षण तथा व्यवस्थापन

पुनरुत्थान गरिएको पोखरीलाई राम्रोसँग सञ्चालित गराइराख्नका लागि जलभण्डारमा कमी आउने वा सुक्दै जाने कारणहरूलाई रोक्न दीर्घकालीन तरिका अपनाउनु अपरिहार्य छ ।

१. सचेतना अभियानहरू

- पोखरी संरक्षण र पुनरुत्थानबाट प्राप्त हुने फाइदाबारे बताउन समय-समयमा समुदायहरूमा योजनाबद्ध सचेतना अभियानहरू सञ्चालन गरिनुपर्छ । स्थानीय मानिसहरूलाई पोखरीको पारिस्थितिकीय प्रणाली र पोखरीसँग जोडिएको उनीहरूको हितको बारेमा सचेत गराउनुपर्छ ।
- पोखरी क्षेत्रमा फोहोरमैला फाल्दा र अतिक्रमण हुँदा यसले स्थानीयको स्वास्थ्य र वातावरणमा पर्ने नकारात्मक असरबारे पनि उनीहरूलाई सचेत गराउनुपर्छ ।


- स्थानीय मानिसमा चेतना जगाउन तलाउ तथा पोखरीको वरपरका क्षेत्रमा के गर्ने र नगर्ने भन्ने स्पष्ट निर्देशनसहितको सूचना बोर्ड राख्नुपर्छ ।

२. निरन्तरता/ दिगोपना

- पोखरीहरूको उचित सम्भार र व्यवस्थापनको लागि पुनरुत्थान/संरक्षण गतिविधिहरूको दिगोपना जरुरी हुन्छ । यसका लागि प्रत्येक पोखरीको स्वामित्व र अधिकार निर्धारण गरिनुपर्छ ।
- पोखरी तथा तलाउहरूको नियमित सरसफाइ र पूर्वाधारको मर्मतसम्भार लगायतका कार्य जिम्मेवारी सम्बन्धित वडाले लिनुपर्नेछ भने नगरपालिकाले वार्षिक रूपमा प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्छ ।
- नगरपालिकाले पुनरुत्थानपछिको चरणमा मर्मतसम्भार सम्बन्धी पक्षहरूमा मान्यताप्राप्त प्रतिष्ठित संस्थाहरूमार्फत सरोकारवालाहरूका लागि आवधिक प्रशिक्षणहरू सञ्चालन गर्नुपर्छ ।
- पोखरीको पुनरुत्थान/संरक्षणको योजनाले मात्रै यो दिगो हुन सक्दैन । नगरपालिकाले फोहोरमैला व्यवस्थापन योजना, ढल व्यवस्थापन योजना र वर्षात्को पानी व्यवस्थापन योजना विकास गरी कार्यान्वयन गर्नुपर्छ । यी सबै क्षेत्रहरू आपसमा सम्बन्धित रहने जटिल प्रणालीका हिस्सा हुन् ।
- पोखरीले चर्चेको क्षेत्रफलको सीमाङ्कन र संरक्षणलाई प्राथमिकतामा राखेर सहरीकरण योजनाको विकास र कार्यान्वयन गर्नुपर्छ ।
- पोखरीहरूको प्रभावकारी व्यवस्थापनमा सरोकारवालाहरूको सहभागिता र क्षमता अभिवृद्धिलाई महत्वपूर्ण साधनको रूपमा प्रयोग गर्नुपर्छ । यसका लागि नियमित मर्मतसम्भार कार्यमा सम्बन्धित स्थानीय समुदायको संलग्नता सुनिश्चित गरिनुपर्छ ।

५. संस्थागत व्यवस्था

पोखरा महानगरपालिकामा पोखरी/तलाउ र वरपरका क्षेत्रहरू सम्बन्धित मन्दिर, वडा र केही निजी स्वामित्वमा रहेका छन् । पोखरीको सौन्दर्यीकरण, पुनरुत्थान र संरक्षणमा पोखरा महानगरपालिकाका सम्बन्धित वडा कार्यालय, स्थानीय समुदाय, समुदाय आधारित संस्था, टोल विकास समिति र निजी क्षेत्र लगायतका सरोकारवालाहरू संलग्न रहेका छन् । पोखरी व्यवस्थापन तथा संरक्षणको संस्थागत प्रक्रिया यस प्रकार रहनेछ :



चित्र १ : पोखरी पुनरुत्थान/संरक्षणमा संस्थागत प्रक्रिया

विभिन्न सरोकारवालाहरूको भूमिका तथा जिम्मेवारीहरू यसरी रहनेछ :

समुदाय आधारित संस्था	वडा कार्यालय	महानगरपालिका	उपभोक्ता समिति
❿ पोखरी पुनरुत्थान/ संरक्षण प्रस्ताव ❿ सामुदायिक परामर्श ❿ पुनरुत्थान कार्यको लागि जनस्रोतको व्यवस्थापन ❿ पुनरुत्थान कार्यको सुपरिवेक्षण ❿ उपभोक्ता समिति गठन	❿ पोखरीहरूको अभिलेख सूची ❿ अतिक्रमणको अनुगमन ❿ आवश्यक भएमा पोखरी पुनरुत्थान आयोजनाको बृहत प्रतिवेदन तयारी ❿ प्राविधिक तथा वित्तीय सहयोग प्रदान	❿ पोखरी पुनरुत्थान/ संरक्षण प्रस्तावको स्वीकृति प्रदान ❿ भौतिक तथा वित्तीय अनुगमन ❿ प्राविधिक तथा वित्तीय सहयोग प्रदान	❿ व्यवस्थापन र रेखदेख ❿ पोखरीको पानी बाँडफाँड संयन्त्रको औपचारिकीकरण

- वडा कार्यालयहरूले पोखरीहरूको विद्यमान अवस्था, समस्या र चुनौती, स्वामित्व आदिसहितको लगतसूची तयार गर्नुपर्छ ।
- वडा कार्यालयहरूले नापी विभाग र भूमि प्रशासन विभागसँग समन्वय गरी जग्गाको स्वामित्व, साँधसीमा नक्साका ऐतिहासिक अभिलेखहरू खोजी सोही अनुसार अभिलेख अद्यावधिक गर्नुपर्छ ।
- पोखरीको सिमाना क्षेत्रमा कुनै अतिक्रमण भएमा त्यसलाई हटाउन महानगरपालिका वा वडा कार्यालयले आवश्यक कदम चाल्नुपर्छ ।
- पोखरी क्षेत्रमा अतिक्रमणको अवस्थाको अनुगमन गर्न वडा कार्यालयले आवश्यक कदम चाल्नुपर्छ ।
- स्थानीय समुदाय, समुदाय आधारित संस्था वा टोल विकास संस्थाले पोखरी संरक्षण तथा पुनरुत्थान प्रस्ताव तयार गर्नुपर्छ । प्रस्ताव तयार गर्दा सम्बन्धित स्थलमा सार्वजनिक सुनुवाइ सञ्चालन गर्नुपर्छ, सरोकारवालाको मागलाई र सञ्चालन तथा मर्मतसम्भारमा उनीहरूको सहभागितालाई ध्यानमा राखी पोखरी पुनरुत्थान/संरक्षण प्रस्ताव तयार गर्नुपर्छ ।
- वडा कार्यालयले पोखरी पुनरुत्थान/संरक्षण आयोजनाको भौतिक तथा वित्तीय अनुगमन गर्नुपर्छ । यसले महानगरपालिका, प्रदेश सरकार, संघीय सरकार, र निजी क्षेत्रबीच समन्वय गर्न सम्पर्क (नोडल) निकायको रूपमा काम गर्नुपर्छ ।
- वडा कार्यालयले आन्तरिक विज्ञ भएमा आन्तरिक रूपमा, नभए परामर्शदातामार्फत अवधारणा योजना र प्रस्तावहरू (विस्तृत परियोजना प्रतिवेदन) तयार गर्नुपर्छ ।
- वडा कार्यालयले पहिचान गरिएका आयोजनाका लागि महानगरपालिका, प्रदेश र संघीय सरकारबाट आर्थिक सहयोगको अवसर खोज्नुपर्छ ।
- स्थानीय समुदाय आधारित संस्थाले पोखरीको सञ्चालन तथा सम्भारको जिम्मेवारी लिएर आवश्यक जनशक्तिको व्यवस्था गर्नुपर्छ ।
- पोखरीको पुनरुत्थान, व्यवस्थापन तथा रेखदेखको लागि उपभोक्ता समिति गठन गरिनु पर्छ ।
- पुनरुत्थान पश्चात उपभोक्ता समितिले पोखरीको पानीको उपभोग तथा बाँडफाँड संयन्त्र तयार गरी औपचारिकीकरण गर्न सक्छ ।

६. सन्दर्भ सामग्री

Bastakoti, R. C., Prathapar, S. A., & Okwany, R. O. (2016). Community pond rehabilitation to deal with climate variability: A case study in Nepal Terai. *Water resources and rural development, 7*, 20-35.

Bonapace, C., & Sestine, V. (2003). *Traditional Materials and Construction Technologies used in the Kathmandu Valley.* UNESCO.

Central Pollution Control Board. (2019). *Indicative Guidelines for Restoration of Water Bodies.* Ministry of Environment, Forest and Climate Change, Government of India.

Central Public Health and Environmental Engineering Organization(CPHEEO). (2013). *Advisory on Conservation and Restoration of Water Bodies in Urban Areas.* Ministry of Urban Development, Government of India.

Chaudhary, L. (2021, Sep 15). Adequate Budget Demanded To Renovate Janakpur Ponds. *The Rising Nepal*.

Constitution of Nepal 2015. (n.d.). GoN.

Freshwater Habitats Trust. (n.d.). Retrieved Dec 14, 2021, from Ponds of Historical Interest: https://freshwaterhabitats.org.uk/wp-content/uploads/2013/09/Ponds-of-Historical-Interest.pdf

Hill, M. J., Hassall, C., Oertlu, B., Fahrig, L., Robson, B. J., Biggs, J., . . . Wood, P. J. (2018). New policy directions for global pond conservation. *Conservation Letters, 11*(5).

IUCN. (n.d.). Restoring Community Ponds: Green Infrastructure to Combat Climate Change Impact in the Panchase Area. Retrieved Nov 9, 2021, from https://www.iucn.org/sites/dev/files/import/downloads/restoring_ponds_green_infrastructure_to_combat_climate_change_impact_in_the_panchase_.pdf

Kalra, R. (2020). Can Urban Local Ponds Help Tackle Domestic Water Scarcity and Build Resilience? *Journal of Regional and City Planning, 31*(2), 180-198. doi:0.5614/jpwk.2020.31.2.5

Kerala State Biodiversity Board. (n.d.). Guidelines for Eco-restoration of Urban and Rural Ponds.

Land Use Policy 2015. (n.d.). GoN.

Local Government Operation Act (LGOA) 2017. (n.d.). GoN.

MoEF, GOI. (2008). *Guidelines for National Lake Conservation Plan.* New Delhi: National River Conservation Directorate.

Pond Restoration - 2030 Water Resources Group. (2014). Retrieved Nov 8, 2021, from Pond Restoration Baghpat: https://www.2030wrg.org/wp-content/uploads/2014/07/Case-Study-13.pdf

Pond Restoration Baghpat. (2014). Retrieved Nov 8, 2021, from Pond Restoration - 2030 Water Resources Group: https://www.2030wrg.org/wp-content/uploads/2014/07/Case-Study-13.pdf

Pradhan, N. M., Khatri, T. B., & Pandey, M. (2018). *Mainstreaming the Conservation and Sustainable Use of Wetlands and their Resources into Key National Planning Processes in Nepal.* Ramsar Secretariat, GoN.

United States Department of Agriculture. (1997). *Ponds — Planning, Design, Construction.*

Upreti, B. (2014). *ECO-EFFICIENT URBAN WATER INFRASTRUCTURE DEVELOPMENT IN NEPAL.* UNESCAP.

अनुसूचीहरू

अनुसूची १ : पोखरीको लगतसूची तयार गर्ने विधि

पहिचान गरिएका पोखरीका विशेषता र समस्याहरू पहिचान गर्ने प्रमुख कदमहरूलाई देहायअनुसार सूचीबद्ध गर्न सकिन्छ :

१. पोखरी र वरपर क्षेत्र सम्बन्धित ऐतिहासिक जानकारीको सङ्कलन

कुनै पनि पोखरीको लगतसूची तयार गर्नको लागि त्यससँग सम्बन्धित ऐतिहासिक जानकारीले पोखरी कहिले निर्माण भएको हो र कस्तो प्रकारको प्रयोगको अनुमति दिइएको छ भन्नेबारे तथ्याङ्क प्रदान गर्दछ । केही पोखरीहरू धार्मिक गन्तव्यसँग जोडिएका हुन सक्छन भने केही पोखरीहरू पर्यटकीय अथवा सिँचाईसँग सम्बन्धित रहेका हुन सक्छन् ।

२. साँध सीमासम्बन्धी अभिलेख र स्वामित्वको सङ्कलन

वडा कार्यालयले नापी विभागबाट पोखरी र वरपरका क्षेत्रहरूको साँधसीमा नक्सा सङ्कलन गर्नुपर्छ । भूमि प्रशासन विभागबाट स्वामित्व अभिलेख सङ्कलन गर्नुपर्छ । यी नक्सा र अभिलेखहरूलाई जग्गाको वास्तविक अवस्थासँग तुलना गरी आवश्यकअनुसार अद्यावधिक गरिनुपर्छ । यसबाट पोखरी क्षेत्र अतिक्रमण भएको छ कि छैन पहिचान गर्न र अतिक्रमण न्यूनीकरणका उपायहरू विकास गर्न मद्दत पुग्नेछ ।

३. महत्वको पहिचान गर्ने (जस्तै : धार्मिक, सामाजिक-सांस्कृतिक, आर्थिक, कृषि, स्वास्थ्य लाभ आदि)

ऐतिहासिक जानकारी सङ्कलनसँगै पोखरीको महत्व तथा उपयोगको पनि पहिचान गर्नुपर्छ । यसका लागि विभिन्न सरोकारवालाहरूसँग परामर्श गर्न सकिन्छ । सामुदायिक बैठकहरू, उपभोक्ताहरूसँग लक्षित समूह छलफल आदि गरी यसप्रकारका जानकारी सङ्कलन गर्न सकिन्छ ।

(क) धार्मिक महत्व : पोखरा महानगरपालिकामा कतिपय मन्दिरहरू सँग जोडिएका पोखरीहरू पाइन्छ । तसर्थ यस्ता पोखरीहरूको धार्मिक महत्व रहेका हुन्छन् ।

(ख) सामाजिक-सांस्कृतिक महत्व : केही हदसम्म पोखरीहरूको सामाजिक-सांस्कृतिक दृष्टिले उच्च महत्व रहेको पाइन्छ । यी पोखरीहरूले जीवनका विभिन्न महत्वपूर्ण घटनाकाल जन्म, विवाह, मृत्यु आदिमा आयोजित विभिन्न अनुष्ठान र प्रथाहरूमा पनि महत्वपूर्ण भूमिका खेल्छन् ।

(ग) आर्थिक महत्व : कृषि प्रधान समाजमा पोखरीले कृषि र अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्छ । प्राय यहाँका पोखरीहरू सिँचाइ, माछापालन, जनावरहरूलाई पानी खुवाउन आदि विभिन्न प्रयोजनका लागि प्रयोग गरिन्छन् । केही पोखरीहरू पानीसिंघडा र मखान खेतीका लागि पनि प्रयोग गर्न सकिन्छ ।

(घ) वातावरणीय महत्व : जलभण्डार/स्रोतको रूपमा रहने पोखरीहरूले जलवायु परिवर्तन न्यूनीकरणमा पनि महत्वपूर्ण भूमिका खेल्छन् र वातावरणीय लाभहरू प्रदान गर्छन् । पोखरीहरूले समाजलाई महत्वपूर्ण पारिस्थितिकीय सेवाहरू जस्तै बाढी अल्पीकरण, वर्षात्को पानीको भण्डारण र सिँचाईको लागि पानी आपूर्ति गर्दछन् ।

३. पोखरीका उपभोक्ताहरू पहिचान गर्ने

पोखरीको महत्वका सम्बन्धमा यसका उपभोक्ताहरूको पनि पहिचान गरिनुपर्छ । पोखरीको दैनिक, आवधिक, वा वार्षिक उपभोक्ताहरू हुन सक्छन् । उपभोक्ताहरूले पोखरी कसरी प्रयोग गर्छन् भन्ने कुराको

पनि पहिचान र अभिलेखीकरण गरिनुपर्छ । यसबाट उनीहरूको आधारभूत आवश्यकताहरू पहिचान गरी पोखरीको पुनरुत्थान गर्दा ध्यानमा राख्न सहयोग गर्नेछ ।

४. सम्बन्धित क्षेत्रको विस्तृत स्थलगत सर्वेक्षण तथा नक्साङ्कन

पोखरीस्थल र वरपरका क्षेत्रहरूको भौतिक विशेषता, साँधसीमा विवरण लगायतका भौगोलिक विशेषताहरू सङ्कलन गर्न विस्तृत स्थलगत सर्वेक्षण गरिनुपर्छ । जमिनका सबै विशेषताहरूलाई स्थलगत सर्वेक्षणमा विस्तृत रूपमा समेट्नुपर्छ । सर्वेक्षण तथ्याङ्कको प्रारम्भिक जाँचपरीक्षण स्थलगत क्षेत्रमा नै गर्नुपर्छ । त्यसपछि सर्वेक्षण तथ्याङ्कलाई वर्गीकरण गरी नक्सा तयार गर्न कम्प्युटरमा प्रशोधन गर्नुपर्छ । भौगोलिक नक्साङ्कनको अतिरिक्त स्थलगत सर्वेक्षण, सरोकारवालासँगको परामर्श र दूरसंवेदन (remote sensing) मार्फत देहायका जानकारी सङ्कलन गर्नुपर्छ :

(क) पोखरी क्षेत्रको भौगोलिक विवरण : पोखरीको भौगोलिक अवस्थिति र ठेगाना, पोखरीको आकार तथा क्षेत्रफल, पोखरीले समेट्ने क्षेत्र, समुद्र सतहदेखिको उचाइ, स्वामित्व, साँधसीमा, वरपरको क्षेत्रसहितको नक्सा ।

(ख) पोखरी क्षेत्रको जलीय विवरण : पोखरीको क्षेत्र, पोखरीको प्रकार (प्राकृतिक वा मानव निर्मित), जम्मा भएको पानीको औसत र अधिकतम गहिराइ (मनसुन र गैर मनसुन अवधि), कुल भण्डारण क्षमता, पानीको मुख्य स्रोत (वर्षा/भूमिगत पानी रसाएर आउने/वरपरका क्षेत्रबाट बहेर आउने / नदी वा खोलाबाट प्रत्यक्ष वा अप्रत्यक्ष बहाब भएर आउने), पानीको स्थायित्व (स्थायी वा बेलाबेलामा भरिने), पोखरीबाट बढी भई निस्कने पानीको गन्तव्य, खुला पानी र जलीय वनस्पतिको प्रतिशतको हिसाबले पोखरीहरूको स्थिति ।

(ग) जलग्रहण क्षेत्र (क्याचमेन्ट) विवरण : पानी जम्मा गर्न योगदान पुऱ्याउने प्राकृतिक नाला वा बाढी निकास मार्गहरू र तिनीहरूको प्रवाह विवरणहरू; पोखरीको वरपरका क्षेत्रमा बसोबास गर्ने कुल जनसंख्या, नजिकका समुदायहरूबाट हुने ढल प्रवाह; जलभण्डारमा प्रदूषण गर्ने प्रमुख खेतीबारी वा औद्योगिक क्लस्टरहरू ।

५. सङ्कलित जानकारीको डिजिटल नक्साङ्कन

सङ्कलन गरिएका सबै जानकारीहरू नगरपालिकाको सम्बन्धित विभाग/शाखा अर्थात् वातावरण विभाग/शाखाद्वारा डिजिटलाइज, नक्साङ्कन र आवधिक रूपमा अद्यावधिक र सम्भार गरिनुपर्छ । भौगोलिक सर्वेक्षण नक्सामा कम्तिमा निम्न जानकारी र डाटा समावेश हुनुपर्छ ।

(क) विस्तृत विवरण सहितको भौगोलिक विवरण जस्तै : पोखरीस्थल अन्तर्गत रहेको साँधसीमा, पोखरी क्षेत्रफल, यसको साँधसीमामा रहेका भवनहरू, रूखहरू, साइट फर्निचर आदि ।

(ख) सडक विवरणहरू जस्तै : सडकको चौडाइ, प्रवेश वा शाखा सडकहरू, पार्किङ स्थानहरू, विद्यमान संरचनाहरू सहितको मार्गअधिकारका सीमाहरू, सतहको अवस्थासम्बन्धी टिपोट विवरण (पक्की, खँदिलो बनाइएको भूँइ आदि)।

(ग) विद्यमान रेलमार्ग लाइनहरू र यदि लागू भएमा मार्गअधिकार विवरण ।

(घ) बिजुलीका पोल, खानेपानी लाइन र अन्य कुनै पनि संरचना विवरण ।

(ङ) विद्यमान ढल सञ्जाल विवरण र पूर्वाधार (नाली, पम्प, कल्भर्ट, जलद्वार आदि) ।

(च) पोखरीका इनलेटहरू र आउटलेटहरू (ढल वा फोहोर पानीको इनलेटहरू/आउटलेटहरू पनि देखाउने)।

(छ) पोखरीका संरचनात्मक स्वरूप (पोखरीको जल भरिएको क्षेत्र र डीलहरू देखाउने; पोखरीको डीलहरूमा कडा पक्की, खँदिलो माटो, कच्चा, रुखबिरुवा लगाइएको के हो देखाउने)।

(ज) पोखरीहरूमा पानीको स्तर (सर्वेक्षणको समयमा, विगत १० वर्षमा अवलोकन गरिएको उच्चतम र सबैभन्दा कम पानीको स्तरको बारेमा स्थानीयहरूसँग परामर्श गरेर टिप्पणी गर्न सकिन्छ कि हेर्ने)।


(झ) पोखरी भित्र र वरपरका संरचनाहरू (पानीले भरिएका क्षेत्रहरू र पोखरीको डीलहरूको विवरण र उचाइ समेतको जानकारी)।


अनुसूची २ : पोखरीको अनूकूल (उपयुक्त) र गैरअनुकूल (अनुपयुक्त) प्रयोग

पोखरीको अनुकूल र गैरअनुकूल प्रयोगका केही सूची तल दिइएका छन् :

अनुकूल प्रयोग (उपयुक्त)	गैरअनुकूल प्रयोग (अनुपयुक्त)
पोखरीको वरिवरि रुखबिरुवा रोप्ने	मिचाहा प्रजातिका वनस्पति रोप्ने
पानीसिंघडा खेती, मखन खेती, कमल खेती	जलकुम्भी
धार्मिक आस्था नभएका पोखरीहरूमा माछापालन	धार्मिक पोखरीमा माछापालन
पोखरीको वरिपरि पैदल मार्ग	धार्मिक पोखरीमा डुंगा चलाउने
खुद्रा सामग्री बेच्ने अस्थायी छाप्रोहरू	स्थायी संरचनाहरू
चाडपर्वका दिन हाटबजार वा मेला	हाटबजार वा मेलाले पोखरी प्रवेश मार्गलाई अवरोध गर्ने
चाडपर्वको बेला फूल आदि सामग्री विसर्जन गर्न पोखरीमा नगरी छुट्टै स्थानमा गर्ने	चाडपर्वको बेला फूल आदि सामग्री पोखरीमा विसर्जन गर्ने
पोखरी नजिकै नगरपालिकाको ढल प्रणालीमा फोहरमैला निकास भएका सार्वजनिक शौचालयहरू	पोखरीमा फोहोरमैलाको निकास
पोखरीमा निर्बाध प्रवेश गर्ने मार्ग	पोखरी वरपर औद्योगिक भूउपयोग
पोखरीको वरिपरि सिँढी निर्माणको लागि घाममा सुकाएको माटोको चक्लाको प्रयोग	पोखरी वरपर र भित्र पस्न कङ्क्रीट संरचनाको सिँढी बनाउने
पोखरी वरिपरि सिँढी बाहेक पनि प्राकृतिक माटोको किनार छोड्ने	पोखरी वरिपरि पूरा सिँढीको किनार निर्माण गर्ने

अनुसूची ३ : पोखरी किनारका केही नमूना चित्रहरू





पोखरा महानगरपालिका

कृषि एम्बुलेन्स सेवा संञ्चालन कार्यविधि, २०८०

<u>प्रस्तावना:</u> पोखरा महानगरपालिका भित्र कृषि उपज बिक्री तथा ढुवानी सेवाको पहुँचबाट टाढा रहेका साना कृषकहरुलाई सर्वसुलभ पहुच विस्तारका लागि कृषि उपज संकलन केन्द्र एवं कृषि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न तथा कृषि एम्बुलेन्स सेवामा साना कृषकहरुको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्नको लागि कृषि एम्बुलेन्स सेवालाई व्यवस्थित तरिकाले सञ्चालन गर्न वाञ्छनिय भएकोले,

पोखरा महानगरपालिका प्रशासकीय (कार्यविधि नियमित गर्ने) ऐन, २०७९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "कृषि एम्बुलेन्स सेवा संचालन कार्यविधि, २०८०" रहेकोछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"आवेदक"** भन्नाले कृषि एम्बुलेन्स मार्फत कृषि उपज खरिद बिक्रि गर्नका लागी महानगरपालिकाको आर्थिक बिकास महाशाखा अन्तर्गत आवेदन दिएका संकलन केन्द्र, कृषक समुह, सहकारी, कृषक र किसान बजारलाई सम्झनुपर्दछ।

(ख) **"कृषक समुह"** भन्नाले व्यवसायिक कृषि प्रणालि अवलम्वन गर्ने उदेश्यका लागि १० भन्दा वढी कृषक भेला भइ समूह गठन गरि पोखरा महानगरपालिका कृषि विकास शाखामा दर्ता भएका समुहलाई सम्झनुपर्छ।

(ग) **"कृषि उपज"** भन्नाले बजारिकरणको उदेश्य राखी गरीएको कुनै पनि किसिमको कृषि, पशु तथा माछाजन्य उत्पादनलाई सम्झनुपर्दछ ।

(घ) **"कृषि एम्बुलेन्स"** भन्नाले सुरक्षित साथ् कृषि उपज ढुवानी गर्ने सवारी साधनलाई सम्झनुपर्छ ।

(ङ) "संकलन केन्द्र" भन्नाले पोखरा महानगरपालिका विभिन्न वडामा कृषि उपज संकलन गर्ने उद्देश्यका साथ व्यबस्था भएका संरचना मा कृषि बजार निर्देशिका अनुसार बनेको समितले व्यबस्थापन गरेको केन्द्र भन्ने सम्झनुपर्दछ ।

(च) "**शाखा**" भन्नाले पोखरा महानगरपालिका अन्तर्गतको आर्थिक बिकास महाशाखा अन्तर्गत रहको कृषि विकास शाखा तथा सेवा केन्द्र समेतलाई सम्झनुपर्छ।

(छ) "**खुद्रा**" भन्नाले उपभोक्ताहरुको लागि फुटकर रुपमा बिक्री गर्ने परिमाणलाई सम्झनु पर्दछ ।

(ज) "**चालक**" भन्नाले कृषि एम्बुलेन्स चलाउने कृषि उपज खरिद बिक्रि लोड अनलोड सरसफाई गर्ने ब्यक्तिलाई सम्झनु पर्दछ ।

(झ) "**ज्यामी/भरिया**" भन्नाले कृषि एम्बुलेन्समा कृषि उपज खरिद बिक्रि वा लोड अनलोड र सरसफाई गर्ने ब्यक्तिलाई सम्झनुपर्छ।

(ञ) "**महानगरपालिका**" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनुपर्छ ।

(ट) "**सहकारी**" भन्नाले प्रचलित सहकारीऐन बमोजिम दर्ता भएको सस्था सम्झनुपर्छ ।

(ठ) "**किसान बजार**" उत्पादक वा ब्यबस्थापकले सोझै उपभोक्तालाई बिक्रि बितरण गर्ने गरि ब्यबस्था गरिएको संरचनालाई सम्झनुपर्दछ ।

(ड) "**समिति**" भन्नाले यसै कार्यविधि अन्तर्गत गठन हुने कृषि एम्बुलेन्स संचालन तथा व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(ढ) "शहरी योजना आयोग" भन्नाले पोखरा महानगरपालिकाको शहरी योजना आयोगलाई सम्झनुपर्छ ।

३. <u>कार्यविधिको उद्देश्य</u>:यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) नासवान कृषि, पशुपक्षिं, मत्स्य लगायतका उपज ढुवानिलाई सहज गुणस्तरिय र छिटो छरितो हुने गरि व्यवस्था गर्ने ।

(ख) कृषकहरुको उत्पादित कृषि उपजहरुको बजार तथा प्रशोधन स्थलसम्म पुर्याउदा हुने नोक्सानी बाट जोगाउने र थप आम्दानी वृद्धी गर्ने।

(ग) कृषि उपजको उत्पादनोपरान्त हुने क्षती न्युनिकरण गरि उपभोक्तासम्म स्वास्थ्य, ताजा र गुणस्तरिय उत्पादन पुर्याउने ।

(घ) महानगरपालिका भित्र कृषि उपज ढुवानीमा कठिनाई भएको सहजै यातायातको साधन उपलब्ध नहुने ग्रामिण भेगमा प्राथमिकता दिइ संञ्चानल गर्ने ।

४. कृषि एम्बुलेन्स संचालन संरक्षक तथा संचालन तथा व्यवस्थापन समिति

४.१ कृषि एम्बुलेन्सको संरक्षक पोखरा महानगरपालिकाको कृषि ब्यवसाय प्रबद्र्धन समिति रहनेछ भने देहाय बमोजिमको संचालन एवं व्यवस्थापन समिति रहनेछ।

अध्यक्ष	१ जना	आर्थिक बिकास महाशाखा प्रमुख
सदस्य	६ जना	प्रत्येक सेवा केन्द्रबाट कृषि एम्बुलेन्समाकारोवार गर्ने सक्रींय कृषकहरु मध्येवाट कम्तिमा ३ जना महिला सहित ६ जना महानगरपालिकाले छनौट गर्ने ।
सदस्य	३ जना	नियमित कारोवार गर्ने स्थानिय संकलक वा व्यापारीहरु वा किसान बजार मध्येवाट कम्तिमा १ जना महिला सहित ३ जना महानगरपालिकाले छनौट गर्ने छनौट गर्ने ।
सदस्य सचिव	१ जना	व्यवस्थापन समितिको व्यवस्थापक वा तोकिएको अधिकृत स्तरको कर्मचारी (निर्णय प्रक्रियामा मताधिकार नहुने)
जम्मा	११ जना	

४.२ समितिको पदावधि ३ वर्षको हुनेछ ।

४.३ सदस्यहरु चयनको हकमा प्रतिनिधीमुलक हिसावले भूगोल र कारोवारको प्रकृति र बजारमा सहभागिहरुको आम भेला मार्फत हुनेछ । यस प्रकृयालाई यथासम्भव सर्वसम्मत बनाउने प्रयास असफल भएमा प्रजातान्त्रिक तरिकाले चुनाव गराई सदस्यहरुको चयन गरिनेछ ।

४.४ कुनै सदस्यको मृत्यू वा वसाईसराई वा राजिनामा वा कारवाही वा अन्य कारणले पद रिक्त भएको अवस्थामा जुन प्रकृयाबाट पदपूर्ति भएको हो सोही प्रकृयाको आधारमा वाँकी पदावधिका लागि पदपूर्ति गरिनेछ ।

४.५ समितिको कुल सदस्य सङ्ख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ ।

४.६ समितिको बैठकमा आवश्यकता अनुसार शहरी योजना आयोगको सम्वन्धित क्षेत्र हेर्ने पदाधिकारी तथा अन्य विषय विज्ञहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

४.६ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) कृषि एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे, नगरेको अनुगमन गर्ने ।

(ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने ।

(ग) कृषि एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई र व्यवस्थापन गर्ने ।

(घ)निश्चित मापदण्डका आधारमा कृषि एम्बुलेन्सको भाडा निर्धारण गर्ने ।

(ङ) सेवा केन्द्रलाई आधार मानी कृषि एम्बुलेन्सको रुट बार (दिन) अनुसार हुने गरि निर्णय गर्ने ।

(च)नियमित रुपमा कृषि उपजहरु विक्रि ल्याउने कृषक, समुह एवं सहकारीहरु एवं खरिद गर्ने व्यापारीहरुको कारोवारको तथ्यांक अध्यावधिक गर्ने । उक्त तथ्यांकको आधारमा उत्कृष्ट कृषक एवं व्यापारीहरुलाई प्रोत्साहन एवं पुरस्कृत गर्ने।

(छ)कृषि उपजहरुको थोक तथा खुद्रा मुल्य निर्धारण गर्न समितिको व्यवस्थापकको सक्रियतामा ब्यापारी र कृषकहरुसँगको समन्वयमा कृषि उपजहरुको थोक तथा खुद्रा मुल्य निर्धारण गर्ने । यसरी मुल्य निर्धारण गर्दा आसपासका बजारहरुका चल्तिका दरभाउहरुलाई पनि आधार मानिने छ ।

(ज)यसरी तय गरिएको बजार भाउ सर्वसाधारणको पहुचमा हुने गरि प्रकाशन गर्ने ।

(झ) महिनामा कम्तीमा १ पटक समितिको बैठक बसी मासिक प्रगती बारे छलफल गर्ने ।

४.७ समितिको अध्यक्षले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक तीन महिनामा कृषि ब्यबसाय प्रबर्दन समितिलाई पेश गर्नुपर्नेछ ।

५. <u>कृषि विकास शाखाको काम, कर्तब्य र अधिकार</u>

(१) महानगरपालिका कृषि विकास शाखाबाट एम्बुलेन्स सेवा सञ्चालन हुनेछ।

(२) कृषक/कृषक समुह/कृषि सहकारीको कृषि उपजको ब्यबस्थापनका लागि कृषि बिकाश शाखाले आवश्यक जनशक्ति को व्यवस्थापन गर्ने छ ।

(३) कृषि बिकाश शाखाले आवश्यकता अनुसार दैनिक/साप्ताहिक/मासिक योजना बनाइ कृषि उपज संकलन केन्द्रबाट ढुवानी गरी किसान बजार, कृषि बजार, तरकारी बिक्रि केन्द्र तथा अन्य सम्भावित स्थानमा वडा कार्यालय तथा टोलबिकास समिति संग समन्वय गरि उत्पादन संकलन तथा बिक्रि वितरणको ब्यबस्थापन गर्नेछ ।

(४) कृषि एम्बुलेन्सबाट खरिद बिक्री गरिएको कृषि उत्पादन र लाभान्वितको विवरण कृषि शाखाले राख्नेछ।

(५) कृषि शाखाले तोकेको संकलन केन्द्र बाट संकलित कृषि उपज कृषि एम्बुलेन्स मार्फत निशुल्क ढुवानी हुनेछ अन्य समूह, सहकारी, कृषक र कृषि फर्मका कृषि उपज ढुवानी गर्दा कृषि शाखाको पूर्व अनुमति लिई ढुवानी गराउनु पर्नेछ

(६) व्यक्तिगत प्रयोजनको लागि ढुवानी गर्दा जिल्ला दर रेट तथा चिस्यान सुविधा प्रयोग गर्दा हुने इन्धन खपतलाई समेत आधार मानी आपसी साझेदारीमा भाडा कायम गरिनेछ सोको राजश्व भुक्तानी गर्नु पर्नेछ । एम्बुलेन्स मार्फत ढुवानी गराउदा धेरैमा एक पटकमा १२०० के.जी सम्म मात्र ढुवानी गराउनु पर्नेछ र १ वार्षिक ईन्धन तथा मर्मत संम्भार खर्चको व्यवस्था पोखरा महानगरपालिका कृषि शाखाले गर्नेछ

(७) कृषि शाखाले कृषि एम्बुलेन्स मार्फत खरिद तथा बिक्री वितरण गर्दा न्युनतम समर्थन मुल्यको सुनिश्चित गर्नेछ ।

(८) कृषि एम्बुलेन्स व्यवस्थित तथा प्रभावकारी रुपमा सञ्चालनको लागि आर्थिक बिकाश महाशाखा प्रमुखले कृषि विकास शाखामा कार्यरत एक कृषि प्राविधिकलाई कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क व्यक्तिको रुपमा तोक्नसक्ने छ ।

(९) कृषि एम्बुलेन्स लाइ असर नगर्ने गरि कृषक को लागि आवश्यक उत्पादन सामाग्री ढुवानिमा सहजीकरण गर्न सक्नेछ । सफा स्वच्छ उत्पादन संकलन तथा वितरणको ब्यबस्था मिलाउनुपर्नेछ्रा ।

(१०) संकलन तालिका, बिक्री तालिका, तथ्यांक संकलन, दर रेट निर्धारण, डिजिटल प्रबिधि मार्फत अपडेट गर्ने, प्रकाशन प्रचार प्रसार को ब्यबस्था तथा दैनिक अनुगमन गर्नुपर्नेछ ।

६. <u>कृषि उपज संकलन सम्बन्धी व्यवस्था:</u> (१)कृषक/समुह/सहकारी/संकलन केन्द्र संग समन्वय गरि तरकारी संकलन केन्द्रमा संकलित ताजा तरकारी संकलन तथा खरिदको ब्यबस्था गरिनेछ ।

(२) संकलन गरिने कृषि उपज महानगरपालिकाले तोकेको मापदण्ड अनुसार हुनेछ, कम गुणस्तर र अनुपयुक्त भएमा संकलनको लागि बाध्य हुने छैन ।

(३) कृषि उपजको संकलन तोकिएको क्षेत्र, दिन वा संकलन गर्नयोग्य उत्पादनको परिमाण अनुसार हुनेछ ।

(४) संकलन केन्द्रमा कृषि उपज ल्याउनेको बिबरण, गुणस्तर को जिम्मेवारी सम्बन्धित संस्थाको हुनेछ । संकलन कर्तालाई तथा खरिद कर्तालाई बिल उपलब्ध गराउनुपर्नेछ ।

७. <u>कृषि एम्बुलेन्स मार्फत बिक्रीको लागि संकलित कृषि उपज बिक्री वितरण सम्बन्धी व्यवस्था:</u>

(१)कृषकहरुबाट उत्पादन भई कृषि एम्बुलेन्स मार्फत खरिद गरीएको कृषि उपज सुलभ र ताजा रुपमा बिक्री वितरण गरिनेछ। ।

(२) उपदफा (१) बमोजिम तरकारीहरुको जर्ती तथा तरकारीमा क्षति समेतलाई बिचार गरी खरिद मुल्यमा २० प्रतिशत सम्म मुल्य बृद्धि गरी उपभोक्ताहरुलाई बिक्री वितरण गरिनेछ उक्त बृद्धि गरि बिक्रि गरिएको रकम जर्तीको रकम बराबर मानिनेछ

(३)कृषि एम्बुलेन्स मार्फत संकलित कृषि उपज सोझै उपभोक्तालाई बिक्रि वितरण गर्ने किसान बजार,साझेदार बजार आदिलाई उपलब्ध गराउनुपर्नेछ ।छुट्टै बिक्रि केन्द्र निर्माण नहुदासम्म वार्ड कार्यालय, कृषि संजाल तथा संघ संस्थाको समन्वयमा निश्चित समय तोकी खुल्ला स्थानबाट सोझै कृषि एम्बुलेन्स मार्फत बिक्रि वितरण गर्न सकिनेछ ।

(४) अनलाइन मार्फत माग गर्ने वा घरायसी प्रयोजनको लागि मात्र आवश्यक हुने परिमाण संकलित उत्पादन वितरणको लागि पहिलो प्राथमिकता दिनुपर्नेछ ।

८. <u>क्षतिपूर्ति सम्बन्धी व्यवस्था:</u>(१)कृषि एम्बुलेन्स मार्फत खरिद भएका कृषि उपजहरु बिक्रि वितरणमा असहज परिस्थिति आइ कृषि उपज सड्ने गल्ने गरि बिग्रिएमा सो को क्षतिपूर्ति महानगरपालिकाबाट हुनेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति निर्धारण गर्दा एम्बुलेन्स व्यवस्थापन हेर्ने कृषि विकास महाशाखाको कृषि प्राविधिक, कृषि एम्बुलेन्स चालक, कृषि एम्बुलेन्समा कृषि उपज लोड अनलोड गर्ने भरिया/ज्यामी र सम्बन्धीत कृषि सामाग्री खरिद गरिएको संकलन केन्द्रको कम्तिमा एकजना कृषकको सहभागितामा वास्तविक क्षतिमुल्य निर्धारणको मुचुल्का तयार गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम क्षतिमुल्य निर्धारण गर्दा १० प्रतिशत भन्दा बढी क्षति भएमा मात्र क्षतिपूर्ति वापतको रकम भुक्तानी गरिनेछ। कृषि एम्बुलेन्स चालक, कृषि एम्बुलेन्समा कृषि उपज लोड अनलोड गर्ने भरिया/ज्यामी को लापरबाहीका कारण एम्बुलेन्स, कृषि उपज लगाएतका सामाग्री क्षतिभएमा चालकर भरिया/ज्यामी संग उपदफा २ बमोजिम वास्तविक क्षतिमुल्य निर्धारणको मुचुल्का तयार गरि असुल उपर गर्नु पर्ने छ

९. <u>जनशक्ति सम्बन्धी व्यवस्था:</u>(१)कृषि एम्बुलेन्स संचालनको लागि महानगरपालिकाको आर्थिक बिकास महाशाखाबाट एक जना सम्पर्क प्राबिधिक, एक जना हलुका सवारी चालक र एक जना ज्यामी/भरियाको व्यवस्था गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सवारी चालकको लागि प्रचलित कानूनबमोजिमको योग्यता हासिल गरेको हुनुपर्नेछ। ज्यामी/भरियाको हकमा कार्य प्रकृतिको आधारमा योग्य र सक्षम ज्यामी/भरिया व्यवस्था गरिनेछ।

(३) उपदफा (१) बमोजिम व्यवस्था गरिएका जनशक्तिहरुलाई दैनिक ज्यालादारिमा भर्ना गरी कास्की जिल्ला समन्य समितिको दर रेट अनुसारको पारिश्रमिक भुकतानी गरिनेछ।

१०. <u>कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकको काम, कर्तव्य र अधिकार:</u>कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) संकलन केन्द्र, कृषक समूह, शहकारी, फर्म, वडा कार्यालय, टोल बिकाश समती संग समन्वय गरि कृषि उपज खरिद बिक्रि वितरणको ब्यबस्थापन गर्ने,

(ख) कृषि एम्बुलेन्स मार्फत खरिद बिक्रि गरिएको कृषि उपजको तथ्यांक एम्बुलेन्स चालक तथा ज्यामी/भरिया संग माग गरि राख्ने,

(ग) कृषि एम्बुलेन्स लाइ आबश्यकता अनुसार कृषि उपज खरिद बिक्रीका लागि खटाउने ।

११. <u>एम्बुलेन्स चालक तथा ज्यामी/भरिया कर्मचारीको काम, कर्तव्य र अधिकार:</u> एम्बुलेन्स चालक तथा ज्यामी/भरिया कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आर्थिक पार्दर्शिता ईमान्दार,असल चरित्र प्रदर्शन गरि तथा पुर्ण जिम्मेवारी भई आर्थिक बिकास महाशाखा अन्तर्गत कृषि शाखा तथा कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकको निर्देशन अनुसार जुनसुकै समयमा पनि कृषि उपजको खरिद बिक्रि लोडअनलोड तथा ब्यस्थापन गर्नु पर्नेछ।

(ख)मासिक रुपमा तथा कृषि शाखाले माग गर्दा जुन सुकै बेला ढुवानी साधनको स्थिति तथा कारोवारको प्रगति विवरण लिखित तथा डिजिटल माध्यमबाट उपलब्ध गराउनुपर्नेछ।

(ग) ढुवानी साधनको विमा विलवुक नविकरण समयमै ब्यबस्थापन गर्ने।

(घ) कृषि एम्बुलेन्स सञ्चालन सम्पर्क प्राविधिकले तोकेको क्षेत्रमा गई सम्बधित कृषक, समूह, सहकारी, संञ्चालक समिति, वडा कार्यालय तथा टोल बिकाश संस्था संग समन्वय गरि कार्य गर्नु पर्नेछ।

(ङ) ढुवानी साधनको मर्मत सभ्भार र दैनिक क्रियाकलापमा भए गरेका फोटो तथा आम्दानी तथा खर्चको विवरण दुरुस्त प्रस्तुत वा पेशगर्ने अन्यथा आर्थिक पार्दशिता अवलम्वन नगरेमा वा आर्थिक वेईमानी वा दुरुपयोग गरेको खण्डमा कर्मचारि नियमावलि अनुसार कारवाहि गरिनेछ ।

(च) कृषि उपज संवेदनशिल बस्तु भएकाले कार्यालय समय भन्दा अघिपछी वा जुनसुकै समयमा पनि खरिद विक्रिवितरण गर्नुपर्नेछ।

(छ) खटाईएको क्षेत्र भन्दा बाहिर गई कारोवार गर्न पाईने छैन खरिद गरेको कृषि उपज ग्रेडिङ, प्याकेजिङ गरि विक्रि वितरण गर्नुपर्नेछ।

(ज) चालकले स्वीकृति बिना अन्य व्यात्तिलाई कुनै पनि वेला ठाउ र परिवेसमा चलाउन दिन मिल्ने छैन।

(झ) नेपाल सरकारले जारि गरेका यातायात सम्वन्धि सम्पुर्ण नियमहरुको आदेशपान लागु गर्नुपर्नेछ।

१२. <u>अभिलेखिकरण, अनुगमन, मुल्यांकनः</u> (१) पोखरा महानगरपालिका, आर्थिक बिकास समित, कृषि ब्यबसाय प्रबर्दन समिति, सम्बन्धित वार्ड कार्यालय सो अन्तर्गत आर्थिक बिकाश महाशाखा र कृषि विकास शाखाले कृषि एम्बुलेन्स सेवा सञ्चालन सम्बन्धी कार्यको आवश्यकता अनुसार अभिलेखिकरण, अनुगमन तथा मुल्यांकन गर्न सक्नेछ ।

१३. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u> यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा आर्थिक बिकास महाशाखा कृषि बिकास शाखाको सिफारिसमा त्यस्तो बाधा अडकाउ कार्यपालिकाले फुकाउन सक्नेछ ।

पोखरा महानगरपालिका
साझेदारी विकास कोष संचालन निर्देशिका, २०८०

पोखरा महानगरपालिकामा गरिबी न्युनिकरण, सामाजिक परिचालन तथा सुशासन प्रबर्द्धनमा सहयोग गर्नका लागि पोखरा महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन, २०७९ दफा ५ ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिका नगर कार्यपालिकाले "पोखरा महानगरपालिका साझेदारी विकास कोष सञ्चालन निर्देशिका २०८०" तर्जुमा गरी जारी गरेको छ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः**

१. यो निर्देशिका को नाम " पोखरा महानगरपालिका साझेदारी विकास कोष सञ्चालन निर्देशिका २०८०" रहेको छ

२. यो निर्देशिका नगर कार्यपालिकाको वैठकबाट पारित भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा बाहेक यो निर्देशिकामा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ

ख)"कोष" भन्नाले यस निर्देशिकाको नियम ४ मा उल्लेख भए बमोजिमको महानगरपालिका साझेदारी विकास कोषलाई सम्झनुपर्दछ।

ग) "नगरपालिका" भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्दछ।

ङ) "सञ्चालक समिति" भन्नाले यस निर्देशिकामा उल्लेख भए बमोजिमको कोषको व्यवस्था तथा सञ्चालन गर्नको लागि गठन गरिएको समितिलाई सम्झनु पर्दछ।

च) "अध्यक्ष" भन्नाले यस निर्देशिकामा उल्लेख भए बमोजिम गठन भएको सञ्चालक समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

छ) "महाशाखा" भन्नाले सामाजिक विकास महाशाखालाई सम्झनुपर्दछ॥

छ) "आर्थिक उद्यम" भन्नाले रोजगार तथा स्वरोजगार सृजना गरि आर्थिक उन्नतिका लागि संचालन गरिने उद्योग वा व्यवसायलाई सम्झनु पर्दछ।

३. **उद्देश्य** :

महानगरपालिका साझेदारी विकास कोषको मुख्य उद्देश्यहरू देहाय बमोजिम हुनेछन्

१. शहरी समाज परिचालन प्रकृयाद्वारा जनसहभागिता,पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दै लोकतन्त्रका लाभहरुको समानुपातिक समावेसी र न्यायोचित सेवा वितरणको लागि सहयोग गर्ने।

२.आर्थिक तथा सामाजिक समृद्धिका लागि शहरी समाज परिचालन प्रकृयाद्धारा विकेन्द्रिकरण, शहरी सुशासन तथा जनसहभागिताको प्रवर्द्धन गरि लक्षित समुदायको जिवनस्तरमा सुधार ल्याउन उपयुक्त वातावरण सृजना गर्दै गरिवी न्यूनिकरण गर्न सहयोग गर्ने ।

३. शहरी सेवा प्रभावकारी रूपमा जनसमक्ष पुऱ्याउन निजी तथा अन्य शहरी विकाससँग सम्वन्धित पक्षसँग आवश्यकता अनुसार साझेदारी गर्ने ।

४. स्थानीय वासिन्दाहरूलाई अधिकारमा आधारित सेवा सुविधाको पहुँच सुनिश्चित गरी सुलभ र गुणस्तरिय सेवा प्रवाह गर्ने शासन पद्धतिको प्रवर्द्धन गर्न सहयोग पुऱ्याउने

परिच्छेद-२

महानगरपालिका साझेदारी विकास कोषको सञ्चालन

४. **महानगरपालिका साझेदारी विकास कोषको** सञ्चालन:

महानगरपालिका **साझेदारी विकास कोषको** सञ्चालन देहाय बमोजिम हुनेछ :-

क) पोखरा महानगरपालिका अर्न्तगत "महानगरपालिका **साझेदारी विकास कोष**" को नामबाट कोष संचालन गरिने छ ।

ख) कोषको सञ्चालन प्रकृया संचालक समितिले तय गरे बमोजिम हुनेछ ।

ग) महानगरपालिका **साझेदारी विकास कोष** ले सम्बद्ध सरकारी निकाय, दातृसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, सहकारी, बैंक, सामुदायिक संस्था, टोल विकास संस्था लगायत अन्य व्यवसायिक तथा निजी क्षेत्रसँग समन्वय गरी वा साझेदारीमा काम गर्न सक्नेछ ।

५. महानगरपालिका **साझेदारी विकास कोषमा** रहने रकम :

महानगरपालिका **साझेदारी विकास कोषमा** देहायका रकमहरू रहने छन् :-

क) कोष अन्तर्गत कार्यक्रम सञ्चालनको लागि नेपाल सरकारबाट प्राप्त अनुदान ।

ख) मित्र राष्ट्र, द्विपक्षीय तथा बहुपक्षीय दातृसंस्था, गरिबी निवारण कोष, सरकारी निकाय, वित्तीय संस्था, सम्बद्ध निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा व्यक्तिहरूबाट प्राप्त अनुदान,सापटी वा ऋण सघनता रकम,

ग) घुम्ती कोषको रुपमा लगानी गरिएको ऋणको प्राप्त भएको सावाँ, त्यसको व्याज, लगानी गरिएको रकमको सेवा शुल्क तथा क्षतिपूपर्ति वापत प्राप्त रकम तथा कोष परिचालनद्वारा प्राप्त रकम,

घ) अन्य स्रोतबाट प्राप्त भएको रकम ।

६. **सञ्चालक समितिको गठन** :

क) कोषको सञ्चालन तथा व्यवस्थापनको लागि देहाय बमोजिमको सञ्चालक समिति गठन गरिनेछ :

१)	महानगर प्रमुख	अध्यक्ष
२)	महानगर उप-प्रमुख	सदस्य
३)	महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत	सदस्य

४) साझेदारी विकास कोषको लेखा उत्तरदायी अधिकृत सदस्य

५) स्थानीय उद्योग वाणिज्य संघको अध्यक्ष वा प्रतिनिधि सदस्य

६). सामाजिक विकास महाशाखा प्रमुख सदस्य सचिव

ख) सञ्चालक समितिको बैठकमा आवश्यकता अनुसार अन्य सम्बन्धित जनप्रतिनिधी, कर्मचारी र बिशेषज्ञलाई आमन्त्रित गर्न सक्नेछ ।

ग) कुनै सरकारी वा गैरसरकारी निकायसँग साझेदारी भएमा त्यस्ता निकायका प्रतिनिधिलाई पनि सञ्चालक समितिको सदस्यको रूपमा सञ्चालक समितिले आमन्त्रित गर्न सक्नेछ ।

७. **सञ्चालक समितिका सदस्यहरूको पदावधि :**

क) सदस्यहरू आफ्नो पदमा वहाल रहँदासम्म सदस्य हुनेछन् ।

ख) कुनै सदस्यले कोषको उद्देश्य विपरित कार्य गरेको प्रमाणित भएमा सञ्चालक समितिले निर्णय गरी हटाउन सक्नेछ ।

८. **सञ्चालक समितिको बैठक तथा कार्य प्रणाली :**

क) सञ्चालक समितिको बैठक सामान्यतया महिनाको एक पटक बस्नेछ ।

ख) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति र समयमा बस्नेछ ।

ग) सञ्चालक समितिको बैठकको निर्णय उपस्थित सदस्यहरूको बहुमतबाट गरिने छ ।

घ) सञ्चालक समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । निजको अनुपस्थितिमा महानगरपालिकाको उप-प्रमुखले बैठकको अध्यक्षता गर्नेछ ।

च) सदस्य सचिवले बैठकमा भएको छलफल तथा निर्णयहरूको अभिलेख अध्यक्ष बाट प्रमाणित गरी राख्नु पर्नेछ ।

छ) बैठक सम्बन्धी अन्य कार्यविधि सञ्चालक समितिले तय गरे बमोजिम हुनेछ ।

ज) सञ्चालक समितिको सदस्यहरूले बैठकमा भाग लिए वापत महानगरपालिकाको नगर कार्यपालिकाका सदस्यहरूले पाए सरहको बैठक भत्ताको व्यवस्था गर्न सक्नेछ ।

झ) सञ्चालक समितिले आफ्ना महत्त्वपूर्ण निर्णयहरू तथा आय-व्ययको हिसाब सार्वजनिक गर्नु पर्नेछ ।

९. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :**

क) कोषको नीति, कार्यक्रम बजेट तथा अन्य कार्यविधि स्वीकृत गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

ख) कोषको कार्यक्रमहरूको मासिक, चौमासिक अर्धवार्षिक तथा वार्षिक प्रतिवेदनहरू तयार गरी सम्बन्धित निकाय समक्ष प्रस्तुत गर्ने ।

ग) स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि कार्यसूची तयार गर्ने ।

घ) समुदायमा आधारित सामाजिक तथा आर्थिक उद्यमहरूलाई ऋण लगानी, बीउपूँजी प्रदान, प्रविधि हस्तान्तरण तथा सीप प्रदान गर्दा तोकिएका शर्तहरू पूरा भए नभएको, तदअनुरूप कार्य भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने र आवश्यक सल्लाह तथा निर्देशन दिने ।

ङ) टोल विकास संस्थाबाट प्राप्त गर्नु पर्ने सेवाको पहिचान गरी आवश्यक सेवा प्राप्त गर्ने तथा नियमन गर्ने ।

च) कोषको कारोवारमा हुन सक्ने हानी, नोक्सानीको क्षतिपूर्तिको लागि आवश्यक सुरक्षाका उपायहरू अवलम्बन गर्ने । सुरक्षाका उपाय भन्नाले वीमा, क्षतिपूर्ति तथा असूली गर्ने अन्य प्रकृया समेतलाई सम्झनु पर्दछ ।

छ) कोषको वार्षिक लेखापरीक्षण गर्ने/गराउने ।

ज) कोषको लेखापरीक्षणको प्रतिवेदन महानगरपालिका मार्फत् नगर सभामा पेश गरी प्राप्त निर्देशनलाई कार्यान्वयन गर्ने/गराउने ।

झ) कोषसँग सम्बन्धित टोल विकास संस्था दर्ता, नबिकरणमा सहयोग गर्ने वडा बाट सिफारिस भै आएमा नबिकरण गर्ने तथा टोल विकास संस्थ एंव अन्य संस्था, समुह, सामाजिक तथा आर्थिक उद्यमहरूको आवश्यक समन्वय गर्ने ।

ञ) कोषको उद्देश्य अनुरूप कृयाकलाप सञ्चालन गर्न आवश्यक अन्य कार्यहरू गर्ने ।

१०. **महाशाखा :**

क) साझेदारी विकास कोष सामाजिक विकास महाशाखा अन्तर्गत रहनेछ ।

११. **साझेदारी विकास कोषकोको काम, कर्तव्य र अधिकार :**

क) सञ्चालक समितिका निर्णयहरू कार्यान्वयन गर्ने ।

ख) कोषको कार्यक्रम, निर्देशिकामा उल्लेख भए बमोजिमको प्रकृया अनुरूप कार्यान्वयन गर्ने ।

ग) प्रतिवेदनहरू तयार गरी सामाजिक विकास महाशाखा, सञ्चालक समिति, साझेदार संस्था तथा अन्य सम्बन्धित निकायमा प्रस्तुत गर्ने ।

१२. **सञ्चालक समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार :**

सञ्चालक समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) कोषको बैठक बोलाउने र बैठकको स्थान तथा मिति तोक्ने ।

ख) बैठकको अध्यक्षता गर्ने ।

ग) कोष तथा अन्य सरकारी, गैरसरकारी तथा वित्तीय संस्थाहरू बीच समन्वय गर्ने ।

घ) कोषको मासिक, चौमासिक, अर्ध वार्षिक तथा वार्षिक प्रगति विवरण तयार गर्ने वा गराउने ।

ङ) कोष सञ्चालनको लागि आवश्यक वार्षिक बजेट तयार गरी सञ्चालक समितिबाट स्वीकृत गराउने ।

च) स्रोत परिचालन तथा कोषको प्रभावकारी सञ्चालन तथा निरन्तरताको लागि नेपाल सरकार तथा अन्य दातृसंस्थाहरूसँग सम्बन्ध विस्तार गरी श्रोत जुटाउन आवश्यक कदम चाल्ने र अन्य समन्वयात्मक कार्य गर्ने ।

१३. **सदस्य सचिवको काम, कर्तव्य र अधिकार :**

क) सदस्य सचिवले कोष परिचानल सम्बन्धी कार्यमा समन्वयात्मक भूमिका निर्वाह गर्नेछ ।

ख) बैठक राख्ने, निर्णय लेख्ने, निर्णय प्रमाणित गराउने लगायत समितिको निर्देशन बमोजिम सदस्य सचिवको रुपमा गर्ने अन्य आवश्यक कार्यहरु गर्नेछ ।

१४. **कोषको कार्य** :

कोषले कोषको उद्देश्य प्राप्तिको निम्ति देहाय बमोजिमका कार्यहरू गर्नेछ :

क) कोषले आवास निर्माण, मर्मत तथा आय आर्जन सम्बन्धि कार्यक्रम बनाई लागु गर्नेछ ।

ख) टोल विकास संस्था दर्ता, नबिकरण, संस्थागत विकासको लागि वडा कार्यालय सँग समन्वय गरी वडा कार्यालयको सिफारिस अनुसार आबश्यक सहयोग गर्नेछ र बचत मार्फत् आन्तरिक पूँजी सिर्जना तथा सो बचतको परिचालन गर्न सहयोग गर्ने ।

ग) कोषले प्रचलित कानूनको अधीनमा रही नेपाल सरकार, बैंक, वित्तीय संस्था, सहकारी, जिल्ला समन्वय समिति, नगरपालिका, तथा अन्य संघ संस्था वा ऋण प्रवाह गर्ने अन्य संघ संस्थाबाट ऋण लिन सक्नेछ ।

घ) कोषले खण्ड (ग) मा उल्लेख भए बमोजिम ऋण लिनको लागि नगर कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

ङ) कोषले अन्य वित्तिय संस्था, सहकारी, टोल विकास संस्थाहरु मार्फत ऋण लगानी गर्न वा अन्य वाणिज्य बैंक वा वित्तीय संस्थामा पूँजी लगानी गर्न सक्नेछ ।

ण) कोषले घुम्ती कोषको लगानीबाट प्राप्त व्याज सञ्चालन तथा व्यवस्थापन खर्च, उद्यम विकास तालिम, बजार संजाल विकास, बीउपूँजी अनुदान तथा ऋण लगानीको लागि मूलधन बृद्धि गर्न यस निर्देशिका बमोजिम कोषको योजना अनुरूप सञ्चालक समितिको निर्णयमा उपयोग गर्नेछ ।

प) कोषले गरीब, पिछडिएका जनजाति दलित तथा महिलाहरूको उत्थानको लागि महानगरपालिकाको अवस्था तथा आवश्यकता हेरी विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

फ) कोषले आवश्यकता अनुरूपका उपसमितिहरू गठन गरी कार्य गर्न सक्नेछ ।

ब) कोषले अन्तर्राष्ट्रिय दातृ संस्थासँग सम्पर्क गर्नुपर्दा महानगरपालिका मार्फत् कार्यवाही अगाडि बढाउनु पर्नेछ ।

१५. **ब्याज, सेवा शुल्क तथा हर्जाना मिन्हा गर्न सकिने** :

क) प्राकृतिक प्रकोप, महामारी वा त्यस्तै विशेष परिस्थितिका कारण कोषको ऋण लिई सञ्चालित कुनै योजना असफल भई ऋणीले सावाँ रकम समेत गुमाई संस्थाको ऋण चुक्ता गर्न नसक्ने कुरामा सम्वन्धित वडा कार्यालयले सिफारिश गरी कोषमा ऋणीको व्याज, सेवा शुल्क तथा हर्जाना माफ गरिदिन सिफारिस गरेमा समितिले आवश्यक छानवीन गरी त्यस्तो रकम पूरै वा आंशिक रूपमा माफ गर्ने वा नगर्ने निर्णय गर्न सक्नेछ ।

ख) खण्ड १६ (क) मा उल्लेख भए बमोजिम व्याज, सेवा शुल्क तथा हर्जाना मिन्हा गराउनको लागि ऋणीले लगानी डुब्नुको कारण तथा आफ्नो आर्थिक अवस्थाले सो रकम तिर्न असमर्थ भएको व्यहोरा खोली वडा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

ग) खण्ड १६ (ख) बमोजिम व्याज, सेवा शुल्क तथा हर्जाना माफी पाउनको लागि ऋणीले वडा समिती, सम्वन्धित क्षेत्र हेर्ने कोषको कर्मचारीले घटना घटेको ३५ दिन भित्र घटनास्थलको निरीक्षण गरी ऋणी तथा वडा कार्यालयले लगानी गरेको उद्यमको आर्थिक अवस्था छानवीन गरी प्रतिवेदन पेश गरेपछि कोषले त्यस्तो प्रतिवेदनको आधारमा मिन्हा गर्ने नगर्ने निर्णय गर्नेछ ।

परिच्छेद-३

कर्मचारी व्यवस्थापन

१७. प्रचालित कानून अनुसार महानगरपालिका कार्यालयले आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गर्नु पर्नेछ ।

क) यो निर्देशिका लागु हुनु अगावै गाउँ नगर साझेदारी शाखा/कार्यक्रम, साझेदारी विकास कोषमा शुरु नियुक्ती पाए देखि हाल सम्म निरन्तर यस कोषमा कार्यरत कर्मचारीहरु यसै निर्देशिका बमोजिम नियुक्त भएको मानिने छ । यस प्रकृतिका कर्मचारीको सेवा, शर्त तथा सुविधाहरु कोष संचालक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

ख.) यस कोषका कर्मचारी तथा यस कोषमा कार्य गर्ने अन्य कर्मचारीहरु लाई कोषको संचालक समितीले कामको प्रकृति, कार्यबोझ, कार्यक्षमता तथा कोषको वित्तिय स्थितिको आधारमा संचालक समितिले निर्णय गरी थप सेवा सुविधा दिन सक्नेछ ।

परिच्छेद-४

कोषको खर्च, हिसाब किताब तथा लेखापरीक्षण

१८. **कोषको रकम सञ्चालन प्रकृया:**

कोषको रकम सञ्चालन प्रकृया देहाय बमोजिम हुनेछ :

क) महानगरपालिका साझेदारी विकास कोषमा रहेको रकम कोषको उद्देश्य अनुरुप संचालक समितिको निर्णय अनुसार खर्च गर्नुपर्नेछ ।

ख) कोषको रकम दाता सँग भएको सम्झौता समेत लाई ध्यान दिई आवास निर्माण तथा मर्मत र आयआर्जन कार्यका लागि ऋण परिचालन गर्नु पर्नेछ ।

ग) समुदायको पहलमा हुने सामाजिक-आर्थिक पूर्वाधार विकासका लागि प्राप्त हुने रकम टोल विकास योजना प्रकृया अनुरूप टोल विकास संस्था तथा अन्य समुह लाई बीउपूँजीको रूपमा अनुदान दिन सक्नेछ ।

घ) दाताबाट विशेष शीर्षकको क्रियाकलापको लागि प्राप्त रकम सोही शीर्षकमा खर्च गर्नु पर्नेछ ।

च) कोषको सञ्चालन तथा व्यवस्थापन कोषको सञ्चालक समितिले गर्नेछ ।

१९. **ऋण लगानी तथा असुली प्रकृया:**

क) कोषले तपशिल अनुसारको कागजातका आधारमा सेवाग्राहीहरु लाई ऋण सहयोग गर्नेछ ।

१. सेवाग्राही लाई ऋण सहयोगका लागि टोल विकास संस्थाले गरेको सिफारिस ।

२. सेवाग्राही लाई ऋण सहयोगका लागि वडा कार्यालयले गरेको सिफारिस ।

३. यदि टोल विकास संस्था नभएको स्थानमा वडा कार्यालयको सिफारिस भए मात्र पुग्ने ।

४. सेवाग्राहीले लगानी गर्ने घर निर्माण तथा मर्मत र उद्यम/व्यवसायको ईष्टमेट वा स्किम ।

ख) कोषको ऋण लगानी तथा असुलिको लागि सम्बन्धित टोल विकास संस्था र वडा कार्यालयले सहयोग गर्नु पर्नेछ ।

ग) यसरी ऋण लगानी गर्दा आर्थिक रुपमा विपन्न, दलित, महिला पिछडिएको वर्ग र बेरोजगारीहरु लाई प्राथमिकता दिनु पर्नेछ ।

घ) कोषको ऋण लगानी तथा असुलिको अन्य प्रकृया कोष संचालक समितिले तोके बमोजिम हुनेछ ।

२०. **कोषको आर्जित व्याज उपयोग सम्वन्धमा:**

कोषले आर्जन गरेको व्याज निम्नानुसार उपयोग गरिने छ :

क) कोषले लगानी गरी आर्जित व्याजको न्यूनतम २०% रकम महानगरपालिका साझेदारी विकास कोषको कोषमा थप गर्नु पर्नेछ ।

ख) कोषले लगानी गरी आर्जित व्याजको बाँकी रकम नगरपालिका साझेदारी विकास कोषको कोष सञ्चालन तथा व्यवस्थापन, मानव संसाधनको विकास, टोल विकास संस्था लाई प्राविधिक सहयोग, संस्थागत विकास तथा सुदृढीकरण, कार्यक्रम व्यवस्थापन तथा अनुगमन आदि कार्यहरूमा सञ्चालक समितिले आवश्यकता अनुसार योजना बनाई खर्च गर्न सक्नेछ ।

२१. **कोषको खाता सञ्चालन:**

क) कोषको खाता सञ्चालन सामाजिक विकास महाशाखा प्रमुख र कोष हेर्ने लेखा उत्तरदाही अधिकृत बाट संचालन हुनेछ ।

ख) विभिन्न दाताहरूबाट विशेष कृयाकलापको लागि कोष मार्फत् प्राप्त भएको रकमको छुट्टै हिसाब राखिने छ ।

२२. **कोष सञ्चालन विधि:**

कोषको रकम खर्च गर्दा देहाय बमोजिमका विधिहरू अपनाउनु पर्नेछ :

क) स्वीकृत बजेट तथा कार्यक्रमको परिधिभित्र रही कार्यक्रम बजेट खर्च गर्नु पर्नेछ ।

ख) प्रशासनिक खर्च तोकिएको बजेट सीमाभित्र रही खर्च गर्नु पर्नेछ ।

ग) बैंकमा रहेका खाताहरूको अद्यावधिक विवरण राख्ने, आम्दानी र खर्चको विवरण अद्यावधिक गर्ने र कोषको रकम र सम्पत्ति हिनामिना हुन नपाउने गरी सुरक्षित राख्ने र राख्न लगाउने काम कोषको सदस्य सचिवको हुनेछ भने लेखा प्रमुखले हिसाब किताब दुरुस्त राख्ने र सो बमोजिम जिम्मेवार हुनुपर्नेछ ।

घ)कोषको सञ्चालन तथा व्यवस्थापनका अन्य बिधि संचालक समितिले तय गरे बमोजिम हुनेछ ।

२३. **हिसाब किताब तथा लेखापरिक्षण:**

कोषको हिसाब किताब र लेखापरीक्षण देहाय बमोजिम हुनेछ :

क) कोषको हिसाब किताब प्रचलित कानून वमोजिम हुनेछ ।

ख) कोषको आय तथा व्ययको हिसाब प्रचलित लेखा प्रणाली अनुरूप राख्नु पर्नेछ । प्रचलित कानुन अनुसार लेखापरिक्षण गर्नु पर्ने छ ।

परिच्छेद-५

विविध

२४. **अनुगमन गर्न सक्ने:**

क) सञ्चालक समिति, सामाजिक विकास महाशाखा र कोष परिचालन ईकाई/शाखाले आफ्नो कार्य क्षेत्रभित्रको कार्यको नियमित अनुगमन गरी आवश्यक सल्लाह दिन सक्नेछ ।

ख) खण्ड (क) अनुरूप अनुगमन गर्दा कुनै कार्य सम्झौता विपरीत भएको पाईएमा सञ्चालक समितिले आवश्यक निर्णय गर्न सक्नेछ ।

२५. **प्रतिवेदन:**

क) कोषले मासिक प्रगति विवरण महानगरपालिका तथा अन्य सम्बद्ध निकायमा प्रस्तुत गर्नुपर्नेछ ।

ख) कोषले त्रैमासिक प्रगति प्रतिवेदन तयार गरी महानगरपालिका मार्फत् संम्वन्धित मन्त्रालय, अन्य सम्बद्ध निकाय तथा दातृ संस्था मा प्रस्तुत गर्नु पर्नेछ ।

ग) वार्षिक प्रतिवेदन महानगरपालिका मार्फत् नगर सभा मा पेश गर्नु पर्नेछ ।

२६. **निर्देशिका बमोजिम हुने:**

यो निर्देशिकामा उल्लेख भएका कुराहरू सबै यसै बमोजिम र अन्य कुराहरू प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

२७. **संशोधन:**

क) यो निर्देशिकामा कुनै संशोधन गर्न आवश्यक देखिएमा कोषले संशोधन मस्यौदा तयार गरी नगर कार्यपालिका समक्ष प्रस्तुत गर्नु पर्नेछ ।

ख) महानगरपालिकाले खण्ड (क) बमोजिम प्रस्तुत मस्यौदामा आवश्यक छलफल गरी आवश्यक भएमा सुधार समेत गरी नगरकार्यपालिको वैठक समक्ष पेश गर्नेछ ।

ग) संशोधित निर्देशिका नगर कार्यपालिका बाट स्वीकृत भएपछि लागू हुनेछ ।

२८. **कार्यविधी तयार गर्ने:**

क) कोषले यो निर्देशिका अनुरूप कार्य गर्नको लागि आवश्यक कार्यविधी तयार गरी लागू गर्न सक्नेछ ।

२९. **सम्पत्ति तथा दायित्व:**

क) यस कोषमा रहेको सम्पत्ति तथा दायित्व महानगरपालिका कार्यालयको सम्पत्ति तथा दायित्वको रुपमा रहनेछ ।

३०. **खारेजी र बचाऊ:**

क) यो निर्देशिका प्रारम्भ हुनु अघिदेखि नगरपालिका साझेदारी विकास कोषको नाममा भए गरेका कृयाकलापहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ ।